# आर्थिक वर्ष २०८३/८४ बजेट वक्तव्य

थाहा नगरपपालिका

इन्द्रायणीचौर, मकवानपुर

## आर्थिक वर्ष २०८३/८४ बजेट वक्तव्य

**आदरणीय नगर सभाध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरू**

१. थाहा नगरपालिका नेपालको बागमती प्रदेशस्थित मकवानपुर जिल्लाको कृषि, पर्यटन तथा प्राकृतिक स्रोत–सम्पन्न स्थानीय तह हो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपालको संविधान तथा संघीय शासन व्यवस्थाको मर्मअनुसार नगरवासीको आर्थिक, सामाजिक रूपान्तरण, सुशासन प्रवर्द्धन तथा दिगो विकास हासिल गर्ने उद्देश्यले नगरपालिकाले प्रत्येक आर्थिक वर्षका लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दै आएको छ।

२. नेपालको संविधानको धारा २१४ मा रहेको स्थानीय तहको कार्यकारिणी अधिकार तथा धारा २३० मा रहेको नगरपालिकाको राजस्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (३) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्न गइरहेको छु। यस गरिमामय सभा समक्ष बजेट प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ।

३. सर्वप्रथम लोकतन्त्र र सङ्घीय गणतन्त्र स्थापना एवम् शासन पुस्ता परिवर्तनका लागि जेनजी आन्दोलनका क्रममा आफ्नो जीवन आहुति गर्ने सम्पूर्ण ज्ञात/अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु।

४. आन्तरिक राजस्व परिचालनका क्षेत्र साँघुरो हुँदा प्रदेश तथा सङ्घको वित्तीय हस्तान्तरणलाई मुख्य आर्थिक स्रोतको रूपमा लिन यस नगरपालिका बाध्य भएको कुरा यहाँहरू समक्ष जानकारी गराउन चाहन्छु। देशको आन्तरिक अर्थतन्त्र केही चलायमान हुँदा स्थानीय अर्थतन्त्र समेत चलायमान भएको छ। सङ्घ र प्रदेशबाट प्रदान गरिने अनुदान रकम क्रमशः घट्दो स्थितिमा छ। तथापि उपलब्ध सीमित श्रोत साधन बीच यस नगरपालिकाले कृषि, स्वास्थ्य, शिक्षा, पूर्वाधार, सामाजिक विकास, पर्यटन, खानेपानी तथा सरसफाइ, आरोग्यता क्षमता विकास तथा सशक्तीकरणका क्षेत्रहरूमा बजेट विनियोजन गर्ने प्रयास गरेको छु, जसबाट आम नगरबासीहरूले केही हदसम्म भए पनि लाभ महसुस गर्नुहुने आशा गरेको छु।

५. बजेट निर्माण गर्दा नेपालको संविधान, १६ औं आवधिक योजना, प्रदेश आवधिक योजना, दिगो विकास लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, आर्थिक वर्ष २०८३/८४ को सङ्घ र प्रदेशको वार्षिक बजेट तथा कार्यक्रम, थाहा नगरपालिकाको आवधिक योजना, थाहा नगरपालिकाको नीति तथा कार्यक्रम, विभिन्न विज्ञ, राजनीतिक दल एवम् संघ/संस्थाको प्रतिनिधिहरू लगायत सम्पूर्ण नगरबासीहरूको राय तथा अन्तर्किया तथा सुझावहरूलाई आधार बनाई आर्थिक वर्ष २०८३/८४ को बजेट तर्जुमा गरिएको छ।

६. यो बजेटबाट स्थानीय अर्थतन्त्र चलायमान भई यस नगरपालिकाको विकास, सुशासन, समृद्धि र आरोग्य थाहानगर निर्माणको लक्ष्य हासिल हुनेमा म विस्वस्त छु।

**अध्यक्ष महोदय,**

अब म चालू आर्थिक वर्षको कार्यान्वयनको समीक्षा संक्षेपमा प्रस्तुत गर्न अनुमति चाहन्छु।

७. चालु आर्थिक वर्ष २०८२/८३ मा सङ्घीय समानीकरण, प्रदेश समानीकरण, सङ्घ र प्रदेश राजस्व बाँडफाँड, नगद मौज्दात र आन्तिरक राजस्व समेत गरी रु ९७ करोड ७३ लाख ५३ हजार २ सय ४१ गरिएकोमा २०८३ जेठ मसान्तसम्म रु. ५० करोड ७२ लाख ५६ हजार खर्च भएको छ, जसमा चालुतर्फ विनियोजित रकम रु. ५८ करोड ८६ लाख ५९ हजार मध्ये रु ३७ करोड ६१ लाख ६८ हजार अर्थात् ६३.९ प्रतिशत खर्च भएको छ भने पूँजीगत बजेटतर्फ रु. ३८ करोड ८८ लाखमध्ये जेठ मसान्तसम्म रु. १३ करोड १० लाख ८८ हजार अर्थात् ३३.७२ प्रतिशत खर्च भएको छ। विनियोजित बजेटको आधारमा कूल खर्च ६० प्रतिशत र कूल आयको आधारमा ७६ प्रतिशत भएको छ। अनुमानित राजस्व पूर्ण रूपमा प्राप्त भएमा असार मसान्तसम्म चालूतर्फ ९०% र पूँजीगततर्फ ८५ भन्दा बढी खर्च हुने अनुमान गरिएको छ। यदि राजस्वको यही अवस्था रहेमा घाटा बजेट करिब २२ करोडभन्दा बढी रहन गई खर्चमा प्रत्यक्ष प्रभावित पर्ने र कूल खर्च करिब ७०% मा सीमित रहने अनुमान गरिएको छ।

८. आर्थिक वर्ष २०८२/८३ को जेठ मसान्तसम्म आन्तरिक राजस्व परिचालन रु ५ करोड १० लाख भएको छ।

९. यस नगरपालिका र गैरसरकारी संस्थाबीच साझेदारी गरी लिफ्टिङ्ग खानेपानी, वृहत खानेपानी आयोजना लगायतका खानेपानी पूर्वाधार विकास मार्फत् नगर क्षेत्रभित्रका दुर्गम भेगमा समेत खानेपानीको सुविधा पुऱ्याइएको छ। चालू आ.व.मा चिसापानी खानेपानी आयोजना, थाहा-७, गहुँथली खोला बाहुनगाउँ खानेपानी आयोजना, थाहा-८, तल्लो महाँकाल खानेपानी आयोजना, थाहा-११, सानो ठाडे खानेपानी आयोजना, थाहा-११, खानेपानी आपूर्ति आयोजना, लिती खानेपानी आयोजना, थाहा-१२ कार्य सम्पन्न भई सञ्चालनमा ल्याइएको छ। त्यसैगरी वृहत खानेपानी आयोजना थाहा-८ र झक्केडाँडा ऐँसेलुखर्क पुरानो खानिगाउँ मोरिया सुलिकोट खानेपानी थाहा -८ को कार्य अन्तिम चरणमा पुगेका छन् भने थाहा नगरपालिका र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबीचको सह लगानीमा वडा नं. ६ स्थित तिनाल सौर्य सिँचाइ आयोजनाको निर्माण कार्य जारी रहेको छ।

१०. त्यसैगरी चालू आर्थिक वर्षको जेठ मसान्तसम्ममा १६ वटा ढलान, ११ वडा ग्रावेल, ११ वटा नयाँ ट्र्याक, ५ वटा पक्की नाली र १२ वटा गोरेटो बाटोका आयोजनाहरू सम्पन्न भएका छन्, जसबाट यातायात सञ्चालन तथा पैदल यात्रा सहज भएको छ। कुन्छाल-कुलगाउँ भित्री सडकको स्तरोन्नतिको कार्य सन्पन्न भएको छ भने दामन-पिङ्डाँडा-भट्टेडाँडा-तसर सडकको स्तरोन्नतिको कार्य निरन्तर भइरहेको छ।

११. नगरबासीहरूलाई स्वास्थ्य सुविधा सहज र सर्वसुलभ रूपमा प्रदान गर्न नगरपालिका भित्रका ११ वटा वडामा १२ स्वास्थ्य संस्था स्थापना भई सञ्चालनमा रहेका छन्।

१२. आर्थिक वर्ष २०८२/८३ मा यस नगरपालिकालाई **"घरमा शून्य सुत्केरी पालिका"** घोषणा गर्न हामी सफल भएका छौं।प्रदेश यो नगरपालिका दोश्रो पालिका रहेको छ।त्यसैगरी न्यूनतम सेवा मापदण्ड

(MSS) मा मकवानपुर जिल्लामै लगातार तेश्रो पटक पहिलो स्थान हासिल गर्न सफल भएको कुरा अवगत गराउन चाहन्छु। यसैक्रममा नगरपालिका लगानीमा अक्सिजन प्लाण्ट स्थापना गरी सञ्चालनमा ल्याउने मकवानपुरकै पहिलो पालिकाको रूपमा स्थापित गर्न हामी सफल भएका छौं।

१३. स्वास्थ्य सेवा प्रवाहलाई दिगो विकास लक्ष्यसँग आवद्ध गरी विभिन्न सेवाहरू प्रदान गर्रिंदै आएका कुरा अवगत गराउन चाहुन्छ।

१४. शिक्षा क्षेत्रको गुणस्तर अभिवृद्धि गर्न "वृत्ति मार्ग निर्देशन" कार्यक्रम सबै माध्यमिक विद्यालयहरूमा सञ्चालन गरिएको छ, जसबाट विद्यार्थीहरूको रुची, खुवी र क्षमताको अनुसार वृत्ति पहिचान गर्ने कार्य सम्पन्न भएको छ।

१५. विद्यालयहरूको School Mapping गरी भौतिक संरचनाको अवस्था, दरबन्दी मिलान, २ वटा विद्यालय समायोजन र विद्यालय Downgrading लगायतका कार्यहरू सम्पन्न गरिएका छन्।

१६. विद्यालयहरूको विपद् उत्थानशील भौतिक संरचना निर्माणलाई उच्च प्राथमिकता दिइएको छ। जनकल्याण माध्यमिक विद्यालयको Girls Hostel निर्माणको कार्य अन्तिम चरणमा रहेको छ।

१७. विपद् व्यस्थापनलाई प्रभावकारी बनाउन २४ सैं घण्टा दमकल सेवा, एम्बुलेन्स् सेवा र विपद राहत कोषको प्रभावकारी ढङ्गबाट परिचालन गरिएबाट विपद जोखिम न्यूनीकरण र विपद व्यवस्थापन कार्य उपलब्धिमूलक भएको छ।

१८. कृषकको उत्पादनलाई मूल्य अभिवृद्धि गर्न सहज हुनेगरी यस नगरपालिकाको वडा नं. ३ स्थित शीत भण्डार निर्माण कार्य अन्तिम चरणमा रहेको र परीक्षणका कार्य भइरहेको छ।

१९. कृषिको आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण एवम् विविधीकरण गर्न कृषि यन्त्रहरू र टनेल निर्माणको लागि यस नगरपालिकाबाट अनुदान प्रदान गरिएको छ।यसैगरी आर्थिक वर्ष २०८२/८३ मा वडा नं. ४ मा तरकारी कृषि पकेट क्षेत्रको कार्यक्रम सञ्चालनका लागि टेण्डर आह्वान भई कार्यान्वयन चरणमा रहेको छ। चालू आर्थिक वर्षमा नमूना टनेल कार्यक्रम अन्तर्गत ४६ वटा निर्माण सम्पन्न भई सञ्चालनमा आएको छ। त्यसैगरी ७४० किलो हाइब्रिड धान र १८६६ किलो हाइब्रिड मकैको बीऊ ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ। त्यसैगरी मल्चिङ्ग प्लाष्टिक ४० माइक्रोनको ६१५ रोल र बायोटिन चून ४८७८ किलो ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ।

२०. यसैगरी साजिटा सेतो उन्नत जातको आलुको बीऊ १० मेट्रिक टन ५० प्रतिशत अनुदानमा व्यवसायिक कृषक उत्पादनको लागि वितरण गरिएको छ। त्यसैगरी साना सिँचाइ निर्माण गरी ४०० रोपनीमा सिचाइ सुविधा पुर्‍याइएको छ। साथै फर्टिगेशन तथा आधुनिक तरकारी खेती तालिम १०५ जना कृषकहरूलाई प्रदान गरिएको छ।

२१. पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्न विभिन्न अनुदान कार्यक्रम सञ्चालन गर्दै आउनुका साथै वडा-वडाबाट दक्ष पशु प्राविधिक सेवा दिँदै आएको छ। त्यसैगरी गाई, भैसी अनुदान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिएको छ।

२२. सार्वजनिक सेवालाई सवल, सक्षम, जनमुखी, पारदर्शी, उत्तरदायी र अनुमानयोग्य बनाउन सम्पूर्ण वडा कार्यालयहरूलाई Networking गरी E-service को थालनी गर्दै Digital Governance शुरुवात गरिएको छ।

**आदरणीय सभाध्यक्ष महोदय**

अब म बजेट कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरू प्रस्तुत गर्न चाहन्छु।

२३. बजेट तर्जुमाका चरणमा स्रोतको वास्तविक आँकलन गर्न नसक्नु, संघ र प्रदेश सरकारबाट प्रदान हुने समानीकरण तथा राजस्व बाँडफाँडको सिलिङ्ग रकम अन्तिम किस्तामा प्राप्त नहुनु, बजेट कार्यान्वयन कार्ययोजना अनुरूप हुन नसक्नु, पेट्रोलियम पद्धार्थको मूल्यवृद्धि भई ढुवानी लागत वृद्धि तथा विटुमिनको अभावका कारण निर्माण व्यवसायीले समयमै काम सम्पन्न गर्न नसक्नु, उपभोक्ता समितिले अपेक्षाकृत रूपमा श्रमदान परिचालन गर्न नसक्नु, समयमै साइट क्लिरेन्स् हुन नसक्नु, जटिल खरिद प्रक्रियाको कारण ठेक्का प्रणालीमा ढिलाई हुनु, सरोकारवालाबीच प्रभावकारी समन्वयको अभाव हुनु लगायतका कारणले पूँजीगत खर्च अपेक्षाकृत रूपमा हुन सकेको छैन।

२४. सङ्घ तथा प्रदेश सरकारद्वारा प्रदान गरिने वित्तीय समानीकरणको अनुदान घट्दै जानु र सशर्त अनुदानको अंश बढ्दै जानु, राजस्वको दायरा विस्तार गर्न नसक्नु, वितरणमुखी कार्यक्रमहरूमा विस्तार हुनु तथा प्रशासनिक खर्च बढ्दै जानु जस्ता कारणले विकास बजेटको श्रोतमा दबाव सिर्जना भएको छ।

२५. चालु आर्थिक वर्षमा राजस्व लक्ष्यभन्दा न्यून सङ्कलन भएको छ। राजस्वका स्रोतहरूको पहिचान गर्न नसक्नु, पहिचान भएका स्रोतहरूबाट पनि अपेक्षित राजस्व सङ्कलन नहुनु, दक्ष जनशक्तिको अभाव, नगरक्षेत्रभित्र उद्योगको विकास र विस्तार नहुनु, नागरिक तथा व्यवसायीमा कर तिर्नुपर्छ भन्ने दायित्व बोध नहुनु, स्थानीय स्रोत परिचालनमा कमी हुनु, सबै आर्थिक कारोबारलाई राजस्वको दायराभित्र ल्याउन नसक्नु जस्ता कारणले लक्ष्य अनुरूपको राजस्व सङ्कलन गर्न सकिएको छैन।

२६. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी, व्यावसायिक र सेवामूलक बनाई स्थानीय सरकारको उद्देश्य र जनताको आवश्यकतासँग आवद्धता गर्नु चुनौती रहेको छ।

२७. माथि उल्लिखित चुनौती तथा समस्या हुँदाहुँदै पनि हामीले कृषि, स्वास्थ्य, पूर्वाधार विकास, विद्युतीय शासन एवम् भुक्तानी प्रणाली, खर्च क्षमता (Absorption Capacity) लगायतको क्षेत्रमा नगरपालिकाले सन्तोषजनक नतिजा दिन सफल भएको व्यहोरा जानकारी गराउन चाहन्छु।

**सभाध्यक्ष, महोदय**

२८. **आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्यहरू निम्नानुसारका छन्:**

क) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगारी सिर्जना गर्ने,

ख) दिगो तथा गुणस्तरीय पूर्वाधार विकास गर्ने,

ग) निःशुल्क तथा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने,

घ) निःशुल्क एवम् गुणस्तरीय शिक्षा विकास मार्फत मानव पूँजी निर्माण गर्ने,

ङ) सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी र जनउत्तरदायी बनाउनुका साथै सार्वजनिक सेवा प्रवाह र विकासमा सुशासन अभिवृद्धि गर्ने,

च) उद्यमशिलता मार्फत रोजगारी सिर्जना र गरिबी निवारण गर्ने,

छ) विभिन्न संघ/संस्थासँग समन्वय गरी आरोग्य थाहा नगरपालिका निर्माण गर्ने।

**अध्यक्ष, महोदय**

बजेटका प्राथिमिकताहरू यस प्रकार रहेका छन्ः

क) कृषि,

ख) शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास

ग) पूर्वाधार विकास

घ) खानेपानी तथा सरसफाई

ङ) पर्यटन (आरोग्य धार्मिक पर्यटन लगायत)

च) सुशासन, सामाजिक न्याय र सामाजिक सुरक्षा

छ) उद्यमशिलता र रोजगारी

ज) विपद् व्यवस्थापन

झ) आरोग्य नगर निर्माण

**अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको अनुमान पेश गर्न चाहन्छु।

२९. आर्थिक वर्ष २०८३/८४ को लागि कूल बजेट ९० करोड ९७ लाख ४४ हजार रूपैया विनियोजन गरेको छु। जसमध्ये करिब चालू खर्चमा ६०% र पूँजीगत ४०% विनियोजन गरेको छु। जसमा सङ्घीय सरकारबाट पाप्त समानीकरण अनुदान रु. १२ करोड ४३ लाख, समपूरक अनुदान रु १ करोड ३ लाख, सशर्त अनुदान रु. ३१ करोड २८ लाख, राजस्व बाँडफाँड रु. ११ करोड १० लाख ९१ हजार, र दहत्तर बहत्तर रु. १ करोड ५० लाख गरी जम्मा रु. ५५ करोड ८४ लाख ९१ हजार रहेको छ।

त्यसैगरी प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान रु. १ करोड १२ लाख १७ हजार, समपूरक अनुदान रु. २ करोड, ४० लाख, विशेष अनुदान रु. ७० लाख, सशर्त अनुदान रु. २ करोड ६६ लाख

२२ हजार र राजस्व बाँडफाँड रु. ५ करोड ७४ लाख १३ हजार ८ सय  ९५ गरी जम्मा रु. १२ करोड ६२ लाख ५२ हजार ८ सय ९५ रहेको छ।

नगरपालिकाको आन्तरिक आयतर्फ राजस्व (कर तथा गैरकर) परिचालन अंश समेत उल्लेख्य हुने अनुमान गरिएको छ।

माथि उल्लिखित अनुमानित आयलाई निम्नानुसार बाँडफाँडको व्यवस्था मिलाएको छु।

**कृषि विकासतर्फ**

३०. विषादी न्यूनीकरण कार्यक्रम सञ्चालन, किसान सूचीकरण कार्यक्रम, कृषि, पशुपन्छी तथा मत्स्य अद्यावधिक कार्यक्रम, पकेट विकास कार्यक्रम निरन्तरता, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयसँगको सहकार्यमा जैविक विषादी उत्पादन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन र कृषि स्नातक एवम् "एक गाउँ एक प्राविधिक" तलब भत्ता वापत रु. ३७ लाख विनियोजन गरेको छु।

३१. थाहा नगरपालिकाको गौरवको आयोजना शीत भण्डार निर्माण कार्य अन्तिम चरणमा रहेको र बापतको दायित्त्व निर्वाह गर्न रु. १ करोड २५ लाख विनियोजन गरेको छु।

३२. सुरक्षित खाद्य उत्पादन क्षेत्र कार्यक्रम थाहा-६, हाइटेक नर्सरी स्थापना थाहा-२ र तरकारी बाली प्रवर्द्धनका लागि लागत साझेदारी प्लाप्टिक घर निर्माण थाहा-३ का लागि रु. ३५ लाख विनियोजन गरेको छु।

३३. नमूना टनेल ४० प्रतिशत अनुदानमा वितरण, माटोको अम्लियपना तथा प्रागांरिक पदार्थको मात्रा सुधारका लागि ५०% अनुदानमा कृषि चुन वितरण, तरकारी खेतीको उत्पादन लागत घटाउन र कृषि पेशालाई नाफामुखी बनाउनका लागि मल्चिङ प्लाष्टिक ४०% अनुदान वितरण र खाद्य सुरक्षालाई ध्यानमा राखी धान र मकैको उत्पादन बढाउन हाइब्रिड धान र मकैको बीउमा ४०% अनुदान, बाँझो जग्गा व्यवस्थापन ५० प्रतिशत अनुदान, भकारो सुधार कार्यक्रम अनुदान ५० प्रतिशत, साना सिँचाइ निर्माण कार्यक्रम ५० प्रतिशत अनुदान लगायतका अनुदान कार्यक्रमलाई निरन्तरता दिएको छु। यसको लागि रु ९४ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु ।

३४. समय सापेक्षित आएको परिवर्तनलाई ध्यानमा राखी तरकारीको बढी उत्पादनका लागि कृषिमा आधुनिकीकरण  फर्टिगेशन तथा आधुनिक तरकारी खेती सम्बन्धी तालिमको निरन्तरताको लागि रु. ६ लाख बजेट व्यवस्था गरेको छु।

३५. माथि उल्लिखित कार्यक्रम सञ्चालन तथा अन्य कृषि विकास कार्यक्रम सञ्चालनका लागि जम्मा रु ३ करोड ७ लाख विनियोजन गरेको छु ।

**पशु विकास**

३६. कृत्रिम गर्भाधान मिसन कार्यक्रम, कुकुरमा रेबिज नियन्त्रण कार्यक्रम लगायतका कार्यक्रम सञ्चालनार्थ आवश्यक बजेट विनियोजन गरको छु।

३७. पशु आहार प्रवर्द्धनमा ५० प्रतिशत अनुदान कार्यक्रम सञ्चालनार्थ रु. १० लाख विनियोजन गरेको छु। साथै पशुपन्छीको प्रभावकारी स्वास्थ्य सेवा प्रवर्द्धन गर्न आकस्मिक उपचार तथा खोप सेवा कार्यक्रमको लागि रु. १५ लाख बजेट व्यवस्था गरेको छु।

३८. माथि उल्लिखित कार्यक्रम लगायत पशु क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि जम्मा रु ४७ लाख विनियोजन गरेको छु ।

**स्वास्थ्य सेवा**

३९. थाहा नगरपालिका क्षेत्रभित्र आधारभुत स्वास्थ्य सेवा व्यवस्थापनको लागि रु. ३ करोड ६० लाख बजेट व्यवस्था गरेको छु।

४०. वहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट व्यवस्था गरेको छु।

४१. परिवार कल्याण कार्यक्रम अन्तर्गत प्रजनन् रुग्णता स्वास्थ्य सेवा, परिवार योजना सेवा, किशोरकिशोरी स्वास्थ्य सेवा र मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, नियमित खोप कार्यक्रम लगायतका कार्यक्रम सञ्चालनार्थ रु. ५० लाख विनियोन गरेको छु।

४२. आम नगरबासीको सुलभ र सरल पहुँचको व्यवस्थामा थप सुधार गर्न नगर क्षेत्रभित्रका स्वास्थ्य संस्थाका लागि अत्यावश्यकीय औषधी अभाव हुन नदिन रु. ४५ लाख ७४ हजार बजेट विनियोजन गरेको छु।

४३. नसर्ने रोगको प्रकोप नियन्त्रण गर्न दीर्घरोगीहरुलाई घरघरमा औषधी पुऱ्याउने तथा स्वास्थ्य परिक्षण व्यवस्थापन र आत्महत्या नियन्त्रणका लागि मानसिक तथा मनोसामाजिक नीति अनुरुप उपचारको अभियानको कार्यक्रम सञ्चालनको लागि रु. ४४ लाख ७४ हजार बजेट विनियोजन गरेको छु ।

४४. दिगो विकासको लक्ष्य बमोजिम मातृ तथा नवजात शिशु सुरक्षाका लागि पूर्ण संस्थागत सुत्केरी, भिडियो एक्सरे तथा गर्भपतन सेवालाई निःशुल्क तथा भरपर्दो बनाउन रु २२ लाख बजेट विनियोजन गरेको छु ।

४५. स्वास्थ्य संस्थाहरुमा नेपाल सरकारले तोके बमोजिम न्यूनतम मापदण्ड सुधार गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

४६. कडा तथा दीर्घरोगी मृगौला प्रत्यारोपण, डायलासिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार खर्चका लागि मासिक रुपमा ५ हजार दरले उपलब्ध गराउने रकमका लागि २९ लाख ४० हजार विनियोजन गरेको छु।

४७. आधारभूत अस्पताल सवलीकरण तथा स्वास्थ्य संस्थाको स्तरीकरण गर्न रु ४५ लाख विनियोजन गरेको छु ।

४८. स्वस्थ जीवन र प्राकृतिक जीवन शैली निर्वाहको लागि यस नगरपालिकाले आरोग्य सेवा सञ्चालनार्थ आवश्यक बजेट व्यवस्था गरेको छु।

४९. स्वास्थ्य सम्बन्धी हकलाई मध्यनजर गर्दै समग्रमा स्वास्थ्य क्षेत्र व्यवस्थापनतर्फ रु ६ करोड ८२ लाख बजेट विनियोजन गरेको छु ।

**शिक्षा तथा खेलकुद विकास**

५०. आर्थिक वर्ष २०८३/०८४ देखि आधारभूत तहको शिक्षा अनिवार्य र माध्यमिक तहको शिक्षा निःशुल्क गर्नको लागि विद्यालयस्तरको आवधिक, वार्षिक परिक्षाको सञ्चालन र व्यवस्थापन नगरपालिकाबाट सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्थालाई निरन्तरता दिन रु. १४ लाख विनियोजन गरेको छु ।

५१. स्वःउत्प्रेरित शिक्षकले मात्र सिकाउछन भन्ने यथार्थलाई आत्मसात गर्दै शिक्षकलाई स्वः उत्प्रेरणात्मक शैक्षिक जागरण कार्यक्रम सञ्चालनका लागि आवश्यक वजेट विनियोजन गरेको छु।

५२. शुन्य दरबन्दीमा सञ्चालित आधारभूत तह कक्षा ६, ८ माध्यमिक तह कक्षा ९, १० र कक्षा ११, १२ सञ्चालित विद्यालयहरुलाई शिक्षण सिकाइ अनुदान व्यवस्थालाई निरन्तरता दिन रु.८३ लाख ३० हजार विनियोजन गरेको छु।

५३. शैक्षिक गुणस्तर अभिवृद्धि गरी शिक्षाको स्तरवृद्धि गर्न विद्यालयका शिक्षक, कर्मचारीहरुलाई क्षमता अभिबृद्धि र प्रोत्साहनका कार्यक्रमहरुको लागि समेत बजेट व्यवस्था गरेको छु।

५४. पालुङ बहुमुखी क्याम्पपसले त्रैमासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने गरी दिदै आएको अनुदान रकमलाई बृद्धि गरी कार्यक्रमको निरन्तरताको लागि रु. ३० लाख बजेट व्यवस्था मिलाएको छु।

५५. वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

५६. उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थी सम्मान कार्यक्रमको लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

५७. विद्यार्थीका लागि खेलकुद, सिर्जनात्मक अभ्यास,योगध्यान,प्रतिभा प्रष्फुटन जस्ता क्रियाकलाप सञ्चालनका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

५८. सिकाइ स्तर कमजोर भएका विद्यार्थीका लागि सुधारात्मक सिकाई प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न रू ५ लाख बजेट बिनियोजन गरेको छु । साथै योग, प्रणायम, धार्मिक आस्था, विद्यार्थी आरोग्य कार्यक्रम तथा आरोग्य प्रशिक्षणको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५९. सामुदायिक माध्यमिक विद्यालयमा (१२ वटै माविमा) Digital सिकाईका लागि Smart Board व्यवस्थापन र सञ्चालन गर्न रू.१८ लाख बजेट व्यबस्था गरेको छु ।

६०. सामुदायिक विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप सञ्चालन, पर्यावरण संरक्षण तथा हरित विद्यालय कार्यक्रम, विद्यार्थी प्रतिभा पहिचान , वालमैत्री विद्यालय व्यवस्थापन जस्ता कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

६१. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी कार्ययोजना कार्यान्वयन गर्न विद्यालय बाहिर रहेका बालबालिकाहलाई विदयालय भर्ना र सिकाइ निरन्तरता ,Equity Index वृद्धिका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

६२. जनकल्याण माविको विज्ञान विषय प्रबर्द्धन कार्यक्रमको लागि अनुदानलाई निरन्तरता दिन रू ३० लाख बजेट बिनियोजन गरेको छु ।

६३. सार्वजनिक विद्यालयहरुमा निःशुल्क पाठ्यपुस्तकको लागि दिइने अनुदानलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षका लागि रु. ४४ लाख ५६ हजार विनियोजन गरेको छु।

६४. दिवा खाजा कार्यक्रमलाई पनि निरन्तरता दिँदै रु. १ करोड १ लाख ५६ हजार विनियोजन गरेको छु।

६५. शिक्षामा सबैको पहुँच अभिवृद्धिका लागि विपन्न लक्षित छात्रवृत्ति तथा गैरआवासीय छात्रवृत्ति कार्यक्रमका लागि रु. ३१ लाख ८१ हजार बजेट विनियोजन गरेको छु।

६६. लैंगिक समताका लागि विद्यालयमा छात्राको पहुँच पुर्याउन निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि रु. १५ लाख ९४ हजार बजेट विनियोजन गरेको छु।

६७. सामुदायिक विद्यालयको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयारीका लागि रु. १८ लाख बिनियोजन गरेको छु ।

६८. सामुदायिक विद्यालय सञ्चालन तथा व्यबस्थापन लागि अनुदान रु. ६७ लाख ७० हजार बिनियोजन गरेको छु ।

६९. सुनौला सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदानमा बृद्धि गरी बार्षिक ३ लाख ४० हजार बिनियोजन गरेको छु ।

७०. लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारिक शिक्षा/आजीवन सिकाइ कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

७१. यस नगरपालिकाका विद्यार्थीहरुलाई तामाङ भाषा पाठ्यक्रममै राखी भाषा प्रवर्द्धन गर्न आगामी वर्ष कक्षा ४ सम्म लागू गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७२. विद्यालयमा कार्यरत विद्यालय कर्मचारी, परिचालक, बालविकास सहजकर्ता, कार्यालय सहयोगीलाई थप प्रोत्साहन वापत रु. १ करोड १ लाख ५० हजार विनियोजन गरेको छु।

७३. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्का आंगिक शिक्षालय र सम्बन्धन प्राप्त शिक्षालय/तालिम केन्द्रहरू मार्फत मोडुलर रूपमा कार्यगत अभ्यासमा आधारित सीप विकास तालिम सञ्चालनका लागि रू १९ लाख विनियोजन गरेको छु ।

७४. शिक्षा योजना कार्यान्वयनका लागि रू.८ लाख ५० हजार विनियोजन गरेको छु ।

७५. खेलकुद प्रतियोगिता सञ्चालनका लागि रकम वृद्धि गरी रु. ३१ लाख बजेट विनियोजन गरेको छु।

७६. शैक्षिक सुशासन, विद्यार्थी परीक्षण मुल्यांकन तथा समग्र शैक्षिक गुणस्तरमा ध्यान दिँदै शिक्षा तथा खेलकुद विकासको लागि समग्रमा रु. २७ करोड ७० लाख २२ हजार विनियोजन गरेको छु।

**सुशासन, कार्यालय सञ्चालन, सार्वजनिक सेवा प्रवाह तथा प्रशासन सुधार र सामाजिक सुरक्षा**

७७. राष्ट्रसेवक कर्मचारीहरुको उच्च मनोबलले सेवा प्रवाहमा सकारात्मक उर्जा प्रदान गर्ने गर्दछ भन्ने मान्यता राख्दै यस आर्थिक वर्षदेखि पर्यटन काजको निरन्तरताको लागि रु ३० लाख विनियोजन गरेको छु ।

७८. स्थायी सेवाका कार्यरत राष्ट्रससेवक कर्मचारीको हकमा सङ्घीय सरकारको नीति अनुरुपको सेवा सुविधा तथा करार सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई करार शर्तमा पुनरावलोकन गरी थप प्रोत्साहनको व्यवस्था गरेको छु। साथै करार कर्मचारी बीमा कार्यक्रमलाई निरन्तरता दिएको छु।

७९. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित, सहज र प्रभावकारी बनाउन आवश्यक बजेट व्यवस्था गरेको छु।

८०. समग्रमा सुशासन, कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा रु १५ करोड विनियोजन गरेको छु ।

**महिला बालबालिका अपाङ्ग तथा ज्येष्ठ नागरिक**

८१. महिला रोजगारी तालिम र उद्यमशीलता विकासका लागि बीउ पूँजी सहितको साझेदारी कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

८२. ज्येष्ठ नागरिक मनोबल उच्च बनाउन र जीवनयापन सम्मानजनक बनाउनका लागि ज्येष्ठ नागरिक सम्मान कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक बजेट व्यवस्था गरेको छु।

८३. ज्येष्ठ नागरिक धार्मिक अवलोकन भ्रमण कार्यक्रम, अपाङ्गता भएका व्यक्तिहरूको जीविकोपार्जन सुधार कार्यक्रम, सेफ हाउस सञ्चालन र मनोसामाजिक परामर्श, लगायतका महिला, बालबालिका, अपाङ्ग तथा जेष्ठ नागरिक सम्बन्धी कार्यक्रम सञ्चालनार्थ रु. २५ लाख विनियोजन गरेको छु।

**लघु उद्यम, उद्योग विकास तथा प्रवर्द्धन**

८४. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम), लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने सम्बन्धी कार्यक्रम र सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तीमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण लगायतको कार्यक्रमका लागि रु. १२ लाख विनियोजन गरेको छु।

८५. राजस्व परिचालन प्रभावकारी बनाउन १२ वटै वडाहरूमा व्यवसाय दर्ता सम्बन्धी कर शिविर र मुख्य बजार क्षेत्रहरूमा नियमित बजार अनुगमनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

**सहकारी तर्फ**

८६. थाहा नगरपालिकाको क्षेत्राधिकारमा सञ्चालित सहकारी संस्थाहरूको क्षमता विकास, संस्थागत सुशासन, गतिविधिहरूलाई पारदर्शी बनाउन आवश्यक बजेट व्यवस्था गरेको छु।

८७. सहकारी क्षेत्रको विकास र विस्तारको लागि रु ८ लाख विनियोजन गरेको छु ।

**सूचना सञ्चार तथा प्रविधि विकास**

८८. पाँचवर्षे प्रगति पुस्तिका तयारी तथा प्रकाशनका लागि रु. ५ लाख र शाखागत सूचना प्रकाशन तथा प्रसारणका लागि रु ५ लाख गरी जम्मा रु. १० लाख विनियोजन गरेको छु।

**खानेपानी तथा सरसफाइ**

८९. थाहा नगर खानेपानी व्यवस्थापन बोर्डका लागि पूँजीगत र चालू गरी रु. ३० लाख अनुदानको व्यवस्था गरेको छु।

**पर्यटन विकास**

९०. शिखरकोट धारापानी ऋषेश्वर पैदलमार्ग अन्तर्गत धारापानीमा ढुङ्गेधारा तथा विश्राम स्थल निर्माणका लागि रु १० लाख विनियोजन गरेको छु।

९१. गुणस्तरीय पर्यटकीय पूर्वाधार विकास तथा विस्तार गरी पर्यटन प्रवर्द्धन गर्न पर्यटकीय पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गर्न रु. १० लाख बजेट व्यवस्था गरेको छु।

९२. माथि उल्लिखित कार्यक्रम लगायतका अन्य पर्यटन सम्बन्धी कार्यक्रमका लागि समग्रमा रु. २५ लाख बजेट व्यवस्था गरेको छु।

९३. आरोग्य पर्यटन विकास गरी आरोग्य भिजेज निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**श्रम, रोजगार प्रवर्द्धन तथा गरिबी निवारण**

९४. उत्पादन र उद्यमशीलतामार्फत् रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति, सीप विकास, उद्यमशीलता प्रवर्द्धन र पुनः एकीकरण सम्बन्धी क्रियाकलाप लगायतका कार्यक्रम सञ्चालनको लागि रु. १२ लाख विनियोजन गरेको छु ।

९५. गरिब घर परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम (गरिव लक्षित विशेष कार्यक्रम) अन्तर्गत PHMIS प्रणालीबाट तथ्यांक संकलन तथा अद्यावधिक सम्बन्धी कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

९६. सुरक्षित आप्रवासन, वित्तीय साक्षरता र मनोसामाजिक परामर्शका लागि रु. ९ लाख व्यवस्था गरेको छु ।

९७. रोजगार प्रवर्द्धन, सुरक्षित आप्रवासन क्षेत्रतर्फ जम्मा रु. ३२ लाख विनियोजन गरेको छु ।

**न्याय प्रशासन व्यवस्थापन**

९८. मेलमिलापकर्ताहरुको क्षमता विकास तथा एडभान्स तालिमको लागि रु. ६ लाख विनियोजन गरेको छु ।

९९. मेलमिलापकर्ताहरुलाई अवलोकन भ्रमण वापत रु. ६ लाख विनियोजन गरेको छु ।

१००. न्याय क्षेत्रका लागि समग्रमा रु. १८ लाख विनियोजन गरेको छु ।

**बन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन**

१०१. फोहोरमैला व्यवस्थापनलाई थप प्रभावकारी बनाउन डस्टविन वितरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१०२. वातावरण संरक्षणका लागि संघ/संस्था सहकार्य, वनको आर्थिक उपार्जनका लागि मागमा आधारित कार्यक्रम सहकार्य, सरसफाई सरोकारवालाहरुलाई सिकाई अवलोकन र फोहर व्यवस्थापनमा सहकार्य कार्यक्रमका लागि रु. २० लाख विनियोजन गरेको छु।

१०३. विपदसम्बन्धी खोज, उद्दार, राहत व्यवस्थापन लगायत सम्बन्धित अन्य कार्य गर्न विपद व्यवस्थापन कोषका लागि रु. ८० लाख विनियोजन गरेको छु।

१०४. वातावरण संरक्षण तथा विपद व्यवस्थापन क्षेत्रमा कूल रु. १ करोड १० लाख ५० हजार विनियोजन गरेको छु।

**सामाजिक विकास**

१०५. मागमा आधारीत आधारभुत तथा Advance तालिमहरु सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१०६. स्थानीय जात्रा संरक्षण र विभिन्न जातजातिका संस्कृति संरक्षणका लागि बाद्यबादन सामग्री वितरण तथा प्रशिक्षण कार्यक्रम सञ्चालनको लागि रु. १० लाख विनियोजन गरेको छु।

१०७. बालमैत्री नगर घोषणा गर्न आवश्यक कार्यक्रमलाई निरन्तरताको लागि समेत आवश्यक बजेट विनियोजन गरेको छु।

१०८. दलित, ज्येष्ठ नागरिक लगायतलाई विशेष लक्षित वर्ग कार्यक्रम सञ्चालनार्थ रु. ६ लाख ५० हजार विनियोजन गरेको छु।

१०९. माथि उल्लिखित कार्यक्रम लगायत सामाजिक विकास तर्फ कुल ६२ लाख विनयोजन गरेको छु।

**पूर्वाधार विकास**

११०. चालू आर्थिक वर्षमा सम्पन्न भएका तथा निर्माणाधीन आयोजनाको भुक्तानी दिन बाँकी दायित्व करिब रू. ४ करोड रहने अनुमान गरिएको छ।

१११. बागेखोला बस्ती बचाउ थाहा-३ को आयोजना सञ्चालनको लागि रु. ७० लाख र खानी गाउँ कोटथुम्की सडक रु. ३ करोड विनियोजन गरेको छु।

११२. त्यसैगरी सरस्वती बजार बुढीचौर सडकको लागि सडक स्तरोन्नतिको लागि रु. २ करोड ५७ लाख ५० हजार र राम्चे बतासे लप्सीखोला हुँदै थाहा नगरपालिका कार्यालय जाने सडको स्तरोन्नतिको लागि रु. ३ करोड विनियोजन गरेको छु।

११३. १२ वटा वडाको लागि पूर्वाधार निर्माण र कार्यालय सञ्चालनको लागि जम्मा ८ करोड ४० लाख विनियोयन गरेको छु।

११४. थाहा नगरपालिकाभित्रको प्रसिद्ध धार्मिक तीर्थस्थल तथा धार्मिक पर्यटन प्रवर्द्धनको लागि धार्मिक पर्यटन पूर्वाधार निर्माण तथा व्यवस्थापनको लागि "मोक्षधाम शङ्खमूल, नेपाल" को लागि रु. १ करोड २० लाख विनियोजन गरेको छु।

११५. रुपचन्द्र विष्ट स्मृति थाहा नगर सङ्ग्रालय स्थापनाको लागि रु. २५ लाख विनियोजन गरेको छु।

११६. नगर तथा वडाबाट सञ्चालन हुने आयोजनाहरू अनुसूची १ मा उल्लेख गरेको छु।

११७. **नगपालिकाको आन्तरिक आय वृद्धि गर्न देहाय बमोजिमको राजस्व नीति अवलम्बन गरिनेछ।**

- राजस्वका नयाँ क्षेत्रहरूको पहिचान गर्दै राजस्वको क्षेत्र विस्तार गरी राजस्व सङ्कलनमा वृद्धि गरिनेछ।
- गैरसरकारी संस्था, संस्थागत विद्यालयहरूको नवीकरण शुल्क लिइनेछ।
- विद्यामान करका दरहरूमा पुनरावलोकन गरिनेछ।
- कर शिक्षा र कर शिविर सञ्चालन मार्फत कर सहभागिता बढाइनेछ।
- कर प्रशासनलाई सूचना प्रविधिमैत्री बनाइनेछ।
- कर चुहावट नियन्त्रणको लागि एक सशक्त अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण गरी परिचालन गरिनेछ।

११८. उल्लिखित खर्च संङ्घीय र प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान, राजस्व बाँडफाँड, आन्तरिक श्रोत तर्फको राजस्व, नगद मौज्दात र मालपोतबाट प्राप्त राजस्वको स्रोतबाट पूर्ति गरिने व्यवस्था मिलाएको छु।

११९. अन्तमा, यस बजेटले उपलब्ध स्रोत– साधनको अधिकतम परिचालन गर्दै समावेशी, दिगो र परिणाममुखी विकासमार्फत "समृद्ध थाहा, सुखी नगरवासी" को लक्ष्य हासिल गर्ने अपेक्षा राखेको छ। साथै सुशासन, पारदर्शिता, वित्तीय अनुशासन तथा जनउत्तरदायी सेवा प्रवाहलाई बजेट कार्यान्वयनका मूल आधारका रूपमा लिइएको छ। यस बजेट निर्माणमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने नगरप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, वडा सदस्यज्यूहरू, शाखा/महाशाखा प्रमुखज्यू लगायत सम्पूर्ण कर्मचारीहरू, विषय विज्ञहरू, विभिन्न संघ/संस्थाका प्रतिनिधिहरू, पत्रकार मित्रहरू लगायत सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

मिति २०८३/०३/०७ भरत गोपाली

नगर उप-प्रमुख

## अनुसूची-१

## आन्तरिक स्रोत शाखागत बजेट विवरण

### स्वास्थ्य शाखा

| सि.नं. | कार्यक्रम विवरण | रकम रु. हजारमा |
|---|---|---|
| १ | पूर्ण संस्थागत सुत्केरी कार्यक्रम | १८०० |
| २ | गर्भवती सुत्केरी पोषण प्याक वितरण | ५०० |
| ३ | भिडियो एक्स रे सहित स्वास्थ्य शिविर संचालन तथा आवश्यक औजार सामग्री ब्यबस्थापन | ४०० |
| ४ | नर्सिङ्ग कर्मचारी प्रोत्साहन खर्च | २०० |
| ५ | एकिकृत पोषण कार्यक्रम निरन्तर संचालन नियमित कार्यक्रम, अनुमनन, पोषण जन्य सामाग्री ढुवानी एकिकृत पोषण कार्यक्रम निरन्तर संचालन | १०० |
| ६ | निःशुल्क स्वास्थ्य सेवाका लागी औषधी खरिद आपुर्ती गुणस्तरिय स्वास्थ्य सेवा प्रदान आयुर्वेदिक औषधी समेत | ३२०० |
| ७ | महिला स्वास्थ्य स्वयसेविका माशिक बैठक भत्ता महिला स्वास्थ्य स्वयंसेविका, आवश्यक सामानहरु प्रदान कार्यक्रम | १३०० |
| ८ | गरिव स्वास्थ्य बिमा कार्यक्रम तथा दर्ता सहयोगी प्रोत्साहन कार्यक्रम | १२०० |
| ९ | विविध जन स्वास्थ्य कार्यक्रम खर्च | ३०० |
| १० | मेडिकल औजार | ३०० |
| ११ | कर्मचारी दिवा खाजा स्वास्थ्यकर्मिको लागि | ११०० |
| १२ | न्यूनतम सेवा मापदण्ड (MSS सुधार, सुद्रिधकरण तथा व्यावस्थापन कार्यक्रम | ६०० |
| १३ | बार्षिक समिक्षा कार्यक्रम | ९० |
| १४ | प्रशामक सेवा | १५० |
| १५ | औषधी खोप स्वास्थ्य संस्था सम्म ब्यबस्थापन तथा गाउघर खोप क्लिनिक संचालन | ३०० |
| १६ | प्राथमिक स्वास्थ्य केन्द्र संचालन तथा सुदृढीकरण | १००० |
| १७ | प्रथामिक स्वास्थ्य केन्द्रमा मेडिकल अफिसरको सहितको स्वास्थ्यकर्क्मीबाट २४ घण्टे सेवा संचालन खर्च | ७२० |
| १८ | स्वास्थ्य संस्थाहरुमा सामाजिक परीक्षण | २०० |
| १९ | स्वास्थ्य प्रणाली डिजिटलाजेसन गर्न सफ्टवेयर ब्यबस्थापन | ५४० |
| २० | आरोग्य सेवा प्रवर्द्धन | २००० |
| | **जम्मा** | १६००० |
| | **पशु विकास शाखा** | |
| १ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | २०० |
| २ | पशु आहारा प्रवर्द्धनमा ५०% अनुदान कार्यक्रम | १००० |
| ३ | भेटेरिनरी औषधी/सामग्री खरिद कार्यक्रम | १५०० |

| | | |
|---|---|---|
| ४ | आकस्मिक उपचार तथा खोप सेवा कार्यक्रम | १०० |
| ५ | पशु स्वास्थ्य शिविर कार्यक्रम | ४०० |
| ६ | प्राविधिक कर्मचारीहरुको क्षमता अभिवृद्धिको लागि विभिन्न तालिम तथा भ्रमण कार्यक्रम | १५० |
| ७ | सामुदायिक तथा घरपालुवा कुकुरको स्थायी बन्ध्याकरण शिविर कार्यक्रम | ३०० |
| ८ | वडाहरुमा आवश्यक रेफ्रिजेरेटर खरिद कार्यक्रम | १५० |
| ९ | कार्यक्रम अनुगमन तथा मुल्याङ्कन | २०० |
| **जम्मा** | | ४००० |
| | **सहकारी विकास** | |
| १ | सहकारी सुशासन तथा लेखा व्यवस्थापन तालिम | ३५० |
| २ | सहकारी संस्थाहरुको विस्तृत अनुगमन, नियमन र विश्लेषण | ३०० |
| ३ | सहकारी दिवस सम्बन्धी विवध कार्यक्रम | ५० |
| ४ | सहकारी अभियान तथा अन्तरकृया कार्यक्रम | ५० |
| ५ | सहकारी सूचीकरण र विवरण अध्यावधिक | ५० |
| | **जम्मा** | **८००** |
| | **महिला, बालबालिका तथा ज्येष्ठ नागरिक** | |
| १ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | ५०० |
| २ | ज्येष्ठ नागरिक समन्वय समिति गठन तथा पुनगठन/बैठक(चौमासिक) | १२० |
| ३ | ज्येष्ठ नागरिक धार्मिक अवलोकन भ्रमण कार्यक्रम | ३०० |
| ४ | अपाङ्गता भएका व्यक्तिहरुको जीविकोपार्जन सुधार कार्यक्रम | २०० |
| ५ | अपाङ्गता परिचयपत्र वितरण समिति बैठक | ८० |
| ६ | अपाङ्गता परिचयपत्र छाप्ने प्रिन्टर खरिद | १५० |
| ७ | विधालय स्तरिय सचेतनामूलक कार्यक्रम | १५० |
| ८ | सेफ हाउस संचालन र मनोसामाजिक परामर्श | १५० |
| ९ | महिला सिपमूलक तालिम ( विपन्न तथा एकल महिलालाई पहिलो प्राथमिकता ) | ५०० |
| १० | महिला कर्मचारी, जनप्रतिनिधि, र सेवाग्राहिहरुको लागि निशुल्क सेनेटरी प्याड वितरण कार्यक्रम | २० |
| ११ | शाखा लक्षित विभिन्न दिवस कार्यक्रम | २०० |
| १२ | समितिको निर्णयानुसार खर्च गरिने (महिला, बालबालिका, अपाङ्गता तथा ज्येष्ठ नागरिक क्षेत्रमा ) | ८० |
| १३ | समिति बैठक,अनुगमन तथा भ्रमण | ५० |
| | **जम्मा** | **२५००** |
| | **कृषि विकास शाखा** | |
| १ | माटो सुधार कार्यक्रम तथा चुन वितरण कार्यक्रम ४०% अनुदानमा | १२०० |
| २ | मल्चिङ प्लाष्टिक वितरण कार्यक्रम ४०% अनुदानमा | १५०० |
| ३ | नमूना टनेल ४०% अनुदानमा वितरण (बाँस, यू.भि. प्लाष्टिक र थोपा सिचाई) | ४००० |

| | | |
|---|---|---|
| ४ | फर्टिगेशन तथा आधुनिक तरकारी खेति सम्बन्धी ३ दिने तालिम | ६०० |
| ५ | बाली उपचार शिविर कार्यक्रम | १०० |
| ६ | बाझो जग्गा व्यवस्थापन कार्यक्रम ४०% अनुदानमा | ४०० |
| ७ | भकारो सुधार कार्यक्रम ४०% अनुदानमा | २०० |
| ८ | रैथाने बाली प्रवद्र्धन कार्यक्रम | १०० |
| ९ | साना सिंचाई निर्माण कार्यक्रम ४०% अनुदानमा | ७०० |
| १० | स्थलगत तालिम १२ वटा(सबै वडाहरुमा) | ६०० |
| ११ | फलफूलको विरुवा ४०% अनुदानमा (हिँउदे तथा वषर्)े | ३०० |
| १२ | हाइब्रिड धानको बीउमा ४०% अनुदान ( वडा नं. ७, ८, ११ र १२ ) | ३०० |
| १३ | हाइब्रिड मकैको बीउमा ४०% अनुदान | ५०० |
| १४ | विविध ( विभिन्न बैठकमा भत्ता, खाजा तथा फिल्ड भत्ता) | २५० |
| १५ | अनुगमन तथा मुल्याङकन | २५० |
| | **जम्मा** | **११०००** |
| | **पर्यटन विकास** | |
| १ | रैथाने खाना महोत्सव (बजार व्यवस्थापन समिति मार्फत) थाहा ३ र ४ | ३०० |
| २ | शिखरकोट धारापानी ऋषेश्वर पैदलमार्ग अन्तर्गत धारापानीमा ढुङ्गेधारा तथा विश्राम स्थल निर्माण | १००० |
| ३ | पर्यटकीय पूर्वाधार विकास कार्यक्रम | १००० |
| ४ | पर्यटन प्रवर्द्धनात्मक सूचना/सन्देश/अडियो/भिडियो | २०० |
| | **जम्मा** | **२५००** |
| | **खानेपानी बोर्ड** | |
| १ | चालु अनुदान (थाहानगर खानेपानी व्यवस्थापन बोर्डबाटै खर्च गर्नेगरी) | १८०० |
| २ | पुँजीगत अनुदान (थाहानगर खानेपानी व्यवस्थापन बोर्डबाटै खर्च गर्नेगरी) | १२०० |
| | **जम्मा** | **३०००** |
| | **शिक्षा तथा खेलकुद विकास** | |
| १ | विद्यालय कर्मचारी, परिचालक, बाल विकास सहजकर्ता, कार्यालय सहयोगी थप प्रोत्साहन | १०१५० |
| २ | पालुङ क्याम्पसका शिक्षकका लागि तलब अनुदान | ३००० |
| ३ | शिक्षक व्यवस्थापन (बागेश्वरी, नाटेश्वर, ईन्द्रायणी) अनुदान | १००० |
| ४ | उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थी सम्मान कार्यक्रम | २५० |
| ५ | विद्यालयस्तरीय परीक्षा प्रश्नपत्र निर्माण | २५० |
| ६ | विद्यालयस्तरीय परीक्षा प्रश्नपत्र छपाई | २५० |
| ७ | विद्यालय स्तरीय परीक्षा उत्तरपुस्तिका छपाई | ४०० |
| ८ | स्थानीय पाठ्यसामग्री थाहा ज्ञानमाला छपाइ | ५०० |
| ९ | कक्षा ८ को वार्षिक परीक्षा सञ्चालन तथा व्यवस्थापन | ५०० |

| | | |
|---|---|---|
| १० | शैक्षिक क्यालेन्डर प्रकाशन | १०० |
| ११ | तामाङ भाषा पाठ्यक्रम, पाठ्यपुस्तक पुनर्ताजगी तालिम | ३०० |
| १२ | वृत्ति मार्ग निर्देशन कार्यक्रम | ५०० |
| १३ | नगर शिक्षा समिति, प्रअ बैठक आदिको बैठक सञ्चालन खर्च | २०० |
| १४ | करार शिक्षक छनोट परीक्षा सञ्चालन विद्यालयलाई अनुदान | ३०० |
| १५ | खेलकुद प्रतियोगिता सञ्चालन | ३१०० |
| | **जम्मा** | **२०८००** |
| | **प्रशासन तथा सार्वजनिक सेवा** | |
| १ | कर्मचारी क्षमता विकास तालिम | ६०० |
| २ | प्रशासनिक अनुगमन | २०० |
| | **जम्मा** | **८००** |
| | **योजना व्यवस्थापन** | |
| १ | अनुगमन समितिको अवलोकन अध्ययन भ्रमण | ४०० |
| २ | योजना अनुगमन | २०० |
| | **जम्मा** | **६००** |
| | **सामाजिक विकास** | |
| १ | विभिन्न जात्रा पर्वमा सहायता | ४०० |
| २ | धार्मिक क्षेत्रको सूचिकरण तथा संकेत चित्र प्रवद्र्धन | २५० |
| ३ | साँस्कृतिक बाद्यवादन संरक्षणका लागि वितरण तथा प्रशिक्षण कार्यक्रम सहायता | ६०० |
| ४ | आरोग्यता र धार्मिक सहिष्णुताको प्रवर्द्धनको लागि यूवा पैदल यात्रा | २०० |
| ५ | मागमा आधारीत आधारभुत तथा Advance तालिमहरु | ५०० |
| ६ | लागत साझेदारीमा प्रविधी हस्तान्तरण | ४०० |
| ७ | NGO Meet ,Gesi Audit तथा शाखाको विविध खर्च | २७५ |
| ८ | बालमैत्री घोषणा अभियान | ८०० |
| ९ | बालमैत्री सहजकर्ता पारिश्रमिक | ३२५ |
| १० | पढ्दै कमाउदै कार्यक्रम | २०० |
| ११ | सरकारी सेवामा थाहाका यूवा कार्यक्रम | ४०० |
| १२ | टोल विकास संस्था र बजार व्यवस्थापन समिति अभिमुखिकरण र सिकाई भ्रमण | ४०० |
| १३ | टोल विकास संस्था र बजार व्यवस्थापन समिति योजना सहकार्य | ८०० |
| १४ | लक्षित वर्ग कार्यक्रम (दलित,ज्येष्ठ नागरिक ) | ६५० |
| | **जम्मा** | **६२००** |
| | **वन तथा वातावरण र विपद व्यवस्थापन** | |
| १ | डस्टविन वितरण | २०० |

| | | |
|---|---|---|
| २ | फोहरको श्रोतमा नै वर्गीकरणका लागि अभिमुखिकरण कार्यक्रम | २५० |
| ३ | फोहर व्यवस्थापनका लागि श्रोत सामग्री | २०० |
| ४ | सरसफाई सरोकारवालाहरुलाई सिकाइ अवलोकन | ५०० |
| ५ | फोहर व्यवस्थापनमा सहकार्य तथा थप व्यय भार | ५०० |
| ६ | वनको आर्थिक उपार्जनका लागि मागमा आधारित कार्यक्रम सहकार्य | ५०० |
| ७ | वृक्षारोपन,वातावरण दिवश र इको क्लव सहायता | ४०० |
| ८ | वातावरण संरक्षणका लागि संघसंस्था सहकार्य | ५०० |
| ९ | विपद व्यवस्थापन | ८००० |
| | **जम्मा** | **११०५०** |
| | **उद्योग विकास** | |
| १ | १२ वटै वडामा व्यवसाय दर्ता सम्बन्धी कर शिविर | ३०० |
| २ | बजार अनुगमन | २०० |
| | **जम्मा** | **५००** |
| | **सूचना शाखा** | |
| १ | पाँचवर्षे प्रगति पुस्तिका तयारी तथा प्रकाशन | ५०० |
| २ | शाखागत सूचना तथा सन्देश प्रकाशन/प्रशारण | ५०० |
| | **जम्मा** | **१०००** |
| | **श्रम तथा रोजगार शाखा** | |
| १ | उत्पादन र उद्यमशीलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूति | ५०० |
| २ | रोजगार सीप तथा उद्यमशिलताका लक्षित वर्गको प्रोफाइल | २०० |
| ३ | रोजगारीका लागि परामर्श कार्यक्रम | १०० |
| ४ | वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको पाश्र्वचित्र | २०० |
| | **जम्मा** | **१०००** |
| | **न्यायिक समिति** | |
| १ | मेलमिलापकर्ताहरुको लागि एड्भान्स तालिम | ६०० |
| २ | मेलमिलापकर्ताहरुको अवलोकन भ्रमण | ६०० |
| ३ | मेलमिलापकर्ता यातायात र संचार खर्च | १५० |
| ४ | मेलमिलापकर्ताहरु सँग चैमासिक बैठक | १०० |
| ५ | न्यायिक समिति तथा मेलमिलापकेन्द्र बारेमा सचेतना कार्यक्रम | २०० |
| ६ | दैनिक भ्रमण भत्ता तथा मेलमिलाप केन्द्रको अनुगमन | १५० |
| | **जम्मा** | **१८००** |
| | **सामाजिक सुरक्षा र पञ्जीकरण** | |
| १ | व्यक्तिगत घटना दर्ता र राष्ट्रिय परिचयपत्र तथा सामाजिक सुरक्षा भत्ता वितरण | १०० |

| | | |
|---|---|---|
| २ | सामाजिक सुरक्षा नवीकरण | ५० |
| ३ | व्यक्तिगत घटना दर्ता सप्ताह तथा सूचना प्रसारण | ५० |
| **जम्मा** | | २०० |

अनुसूची-२

## प्रदेश सशर्त तथा विशेष

| सशर्त | | |
|---|---|---|
| १ | शीत भण्डार निर्माण (निरन्तरता) | १२५००००० |
| २ | सुरक्षित खाद्य उत्पादन क्षेत्र कार्यक्रम थाहा-६ | १०००००० |
| ३ | हाइटेक नर्सरी स्थापना  थाहा-२ | १०००००० |
| ४ | तरकारी बाली प्रवर्द्धनका लागि लागत साझेदारीमा प्लाष्टिक घर निर्माण थाहा-३ | १५००००० |
| ५ | उत्पादनमा आधारित दुधमा प्रोत्साहन अनुदान | ५००००० |
| ६ | मोक्षधाम पूर्वाधार विकास थाहा-३ | ४०००००० |
| ७ | टौखेल शहरी स्वास्थ्य केन्द्र सञ्चालन अनुदान निरन्तरता जनशक्ति | ५००००० |
| ८ | माध्यमिक तह (कक्षा ९ र १०) मा शून्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयमा अनिवार्य विषय शिक्षकका लागि शिक्षण सहयोग अनुदान | ६२५००० |
| ९ | माध्यमिक तह (कक्षा ११ र १२) मा शून्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयमा अनिवार्य विषय शिक्षकका लागि शिक्षण सहयोग अनुदान | ६९७००० |
| १० | आधुनिक स्वास्थ्य चौकी भवन निर्माण थाहा-२ | १५००००० |
| ११ | अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम | ३००००० |
| १३ | आधारभूत अस्पताल सवलीकरण | १५००००० |
| १४ | आग्रा स्वास्थ्य चौकी सवलीकरण | १०००००० |
| **जम्मा** | | २६६२२००० |

प्रदेश विशेष

| सि.नं. | योजना तथा कार्यक्रम | विनियोजित रकम |
|---|---|---|
| १ | बाघेखोला त्रिवेणी बस्ती बचाउ थाहा-३ | ७०००००० |

## अनुसूची-३

## आय विवरण

| सि.नं. | शीर्षक | रकम |
|---|---|---|
| संघीय अनुदान | | |
| १. | वित्तीय समानीकरण | १२४३००००० |
| २. | समपूरक अनुदान | १०३००००० |
| ३. | सशर्त अनुदान | ३१२८००००० |
| जम्मा | | ४४७४००००० |
| प्रदेश अनुदान | | |
| ६. | वित्तीय समानीकरण | ११२१७००० |
| ७. | समपूरक अनुदान | २४०००००० |
| ८. | सशर्त अनुदान | २६६२२००० |
| ९. | विशेष | ७०००००० |
| जम्मा | | ६८८३९००० |
| १०. | राजस्व परिचालन | २१०००००० |
१९. नगर क्षेत्रको सम्पदाहरुको अध्ययन, अनुसन्धान, संरक्षण, सम्वर्द्धन कार्यलाई प्राथमिकता दिइनेछ । धार्मिक साँस्कृतिक परिपथको विकास गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।

**उद्योग विकासतर्फः**

२०. थाहा नगरपालिकामा सबै खाले व्यवसाय नगरपालिका वा वडा कार्यालयमा अनिवार्य दर्ता गर्न आवश्यक व्यवस्था गरिनेछ । सबै वडामा व्यवसाय दर्ता तथा नवीकरणका लागि र निजी क्षेत्रसँगको सहकार्यमा कर शिविर सञ्चालन गरिनेछ ।

२१. एकल महिला, महिला, अपाङ्गता, दलित तथा सीमान्तकृत समुदायबाट सञ्चालित व्यवसाय दर्तामा छुट प्रदान गरिनेछ ।

२२. चालु कोष मार्फत सहुलियतपूर्ण कर्जा उपलब्ध गराई व्यवसाय प्रवर्द्धनमा सहायता प्रदान गरिनेछ । नगरपालिकामार्फत् सीप र प्रविधि हस्तान्तरण भई सुरुवात गरिएका लघुउद्यमलाई व्यवसाय दर्तामा सहुलियत प्रदान गरिनेछ ।

२३. व्यवसाय दर्ता, नवीकरण तथा उपभोक्ताको हितलाई ध्यानमा राखी समय-समयमा थाहा नगर उपभोक्ता हित संरक्षण समिति तथा बजार अनुगमन टोली समेतको संयुक्त उपस्थितिमा बजार अनुगमन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२४. व्यवसाय दर्ता नगरी व्यवसाय सञ्चालन गरिरहेका साथै व्यवसाय दर्ता गरी करको दायरामा आएका तर निष्कृय रहेका तथा व्यवसाय दर्ता खारेज गर्न चाहने व्यवसायीलाई विशेष छुटको व्यवस्था गरिनेछ।

**सहकारीतर्फः**

२५. नगरस्तरका सहकारीहरूको अनुगमन प्रणालीलाई डिजिटल र व्यवस्थित बनाई वित्तीय सुशासन कायम गरिनेछ । कृषि तथा बहुउद्देश्यीय सहकारीहरूलाई उत्पादन, संकलन र स्थानीय बजार प्रवर्द्धनमा प्रोत्साहन गरिनेछ।

२६. सहकारीका सञ्चालक तथा कर्मचारीहरूका लागि लेखा व्यवस्थापन र सहकारी कानुनसम्बन्धी क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन गरिनेछ । क्षेत्रगत विशिष्टता भएका पर्यटन र स्वास्थ्य सहकारीलाई नगरको एकीकृत विकासमा अन्तरआवद्धता गर्न पहल गरिनेछ।

**श्रम तथा रोजगारतर्फ :**

२७. थाहा नगरपालिकामा सुरक्षित आप्रवासन कार्यक्रम(सामी) र लघुउद्यम विकास कार्यक्रम( मेड्पा)लाई निरन्तरता दिइनेछ।

२८. नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका श्रम, सीप, रोजगार तथा उद्यमशीलतासँग सम्बन्धित कार्यक्रम, आयोजना तथा परियोजनाहरु थाहा नगरपालिकाको रोजगार, सीप तथा उद्यमशिलता केन्द्र (साविक रोजगार सेवा केन्द्र)सँगको समन्वय र सहकार्यमा सञ्चालन गरिनेछ।

२९. राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रमअन्तर्गत् न्यूनतम रोजगारी सिर्जना, सीप विकास तथा उद्यमशीलता प्रवर्धनका क्रियाकलापहरुमा संघीय सरकारसँग लागत साझेदारीको नीति अवलम्बन गरिनेछ।

३०. वैदेशिक रोजगारीमा गएका कामदार तथा तिनका परिवारलाई वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने सेवा/सुविधा, श्रम स्वीकृति सहजीकरण जस्ता कार्यहरुलाई निरन्तरता दिइनेछ।

३१. कन्सुलर सेवा विभागबाट प्रदान गरिने सेवाहरुको लागि नगरपालिकाबाटै सहजीकरणको व्यवस्था मिलाइनेछ।

३२. श्रम, सीप, रोजगार तथा उद्यमशीलतासँग सम्बन्धित सम्पूर्ण कार्यक्रमहरुलाई व्यवस्थित र प्रभावकारी ढंगले परिणाममुखी बनाउन कार्यविधिबमोजिम रोजगार, सीप तथा उद्यमशिलता केन्द्रलाई नगरपालिकाको संस्थागत संरचनाभित्र राखिनेछ।

**सामाजिक विकासतर्फः**

३३. आरोग्य थाहा अभियानअन्तर्गत् नगरपालिकाभित्रका मूर्त तथा अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणमा विशेष जोड दिइनेछ र विभिन्न जातजातिसँग सम्बन्धित ऐतिहासिक, धार्मिक मेला महोत्सव, पर्व सञ्चालनमा पालिकाको तर्फबाट अभिभावकत्व प्रदान गरिनेछ।

३४. नगर क्षेत्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका मठ, मन्दिर, पोखरी, चैत्य, गुम्बाको अभिलेखलाई थप व्यवस्थित गर्दै धार्मिक क्षेत्र रहेको स्थानमा सङ्केत चिह्न राखिनेछ र नगरपालिकाको वेबसाइट तथा अन्य छापा माध्यमबाट उपयुक्त प्रचार प्रसार गरिनेछ।

३५. साँस्कृतिक बाजागाजालाई संरक्षण, पुस्तान्तरण तथा हस्तान्तरणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

३६. धार्मिक पर्यटनको सम्भावनालाई उजागर गर्दै बागमती प्रदेश सरकारको शिव सर्किट परियोजनामा समावेश भएका ६ ज्योतिर्लिङ्गसहित पालिका क्षेत्रका मुख्य धार्मिक क्षेत्रहरुलाई समेटी धार्मिक ट्रेल तयार गरी प्रवर्द्धनका लागि वडा तथा सम्बन्धित समितिसँग सहकार्य गरिनेछ।

३७. ध्यान तथा योगका लागि नगर क्षेत्रका विभिन्न स्थानहरुको विकास र विस्तारका लागि प्रशिक्षक-प्रशिक्षण कार्यक्रममार्फत् प्रशिक्षकहरु उत्पादन गर्न सहायता प्रदान गरिनेछ।

३८. थाहा नगरपालिकाको साँस्कृतिक, धार्मिक, सामाजिक, भौतिक, प्राकृतिक पक्षको व्यापक प्रचार-प्रसार गर्न संघसंस्थासँग सहकार्यमा मेला, महोत्सव सञ्चालन गरिनेछ।

३९. आधारभूत सीप प्राप्त गरी सोही सीपअन्तर्गत्का व्यवसाय सुरु गरेका स्वरोजगार यूवाहरुलाई मागका आधारमा एड्भान्स तालिम प्रदान गर्ने र लागत साझेदारीमा प्रविधि हस्तान्तरण गरी थप व्यवसायिक बनाइनेछ।

४०. सम्पदा संरक्षण गर्न उपभोक्ता समितिमार्फत् जनसहभागितामूलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

४१. गैरसरकारी संस्थामार्फत् गरिने विभिन्न क्षेत्रगत सामाजिक कार्यलाई थप व्यवस्थित, संस्थागत र उपलब्धिमूलक बनाउन एनजिओ डेस्कलाई प्रभावकारी बनाइनेछ।

४२. बालमैत्री नगरपालिका घोषणा अन्तर्गत बालमैत्री वडा घोषणा गर्न बाँकी रहेका वडाहरुमा प्राथमिकताका आधारमा आवश्यक कार्यक्रम गर्दै घोषणा भइसकेका वडाहरुमा सुनिश्चितताका लागि कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

४३. नगरपालिकाको विभिन्न तथ्याङ्क संकलन व्यवस्थापन गर्न, सामाजिक परिचालन गर्नका लागि पालुङ क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई परिचालन गर्दै विद्यार्थीहरुलाई पढ्दै कमाउँदै कार्यक्रमको चालु आर्थिक वर्षमा 'पाइलट प्रोजेक्ट' सञ्चालन गरिनेछ।

४४. सरकारी सेवामा थाहाका युवा भन्ने अभियान सञ्चालन गर्दै युवाहरुलाई लोकसेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ।

४५. असहाय बेवारिसे र सडक सहयोगापेक्षीलाई मानवसेवा आश्रमसँग सहकार्यमा उद्धार, उपचार र व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।

४६. जेष्ठ नागरिकहरुको ज्ञान, सीप अनुभव र योगदानलाई पुस्तान्तरण र हस्तान्तरण गर्नका लागि उपयुक्त स्थानहरुमा गठन भएका जेष्ठ नागरिक दिवा सेवा केन्द्रहरु थप गर्ने र स्थपना भइसकेकालाई थप सवलीकरण गरिनेछ। जेष्ठ नागरिक केन्द्रमा मासिक रुपमा स्वास्थ्य जाँच गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ।

४७. टोल विकास संस्थाहरुको प्रभावकारिता बढाउन संस्थागत क्षमता सुधार, सिकाइ अवलोकन कार्यक्रम सञ्चालन गरिनेछ। टोल विकास संस्था/बजार व्यवस्थापन समितिको सहकार्यमा बजार क्षेत्रमा सिसिटिभी जडान, सौर्य बत्ती मर्मत् तथा नयाँ जडान, सडक बत्ती विस्तार, सार्वजनिक शौचालय सञ्चालन व्यवस्थापनमा सहयोग गरिनेछ।

४८. विपन्न, दलित, जनजाति, अपाङ्गता भएकालाई विशेष कार्यक्रममार्फत् मूल प्रवाहीकरणमा जोड दिँदै विशेष व्यवस्थामार्फत् सहायता प्रदान गरिनेछ।

**स्वास्थ्यतर्फ :**

४९. स्वास्थ्य प्रणाली डिजिटल, दूरचिकित्सा तथा विशेष स्वास्थ्य सेवा विस्तार गरिनेछ।

५०. योग, ध्यान र समुदायमा आधारित स्वास्थ्य कार्यक्रमको विस्तार र प्रवर्द्धन गरिनेछ।

५१. सबै तहको स्वास्थ्य संस्थाहरुबाट आवश्यक कर्मचारीहरु, औषधि उपकरणको ब्यवस्थापन गरी गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिनेछ।

५२. नसर्ने रोगको प्रकोप नियन्त्रण गर्न विविध जनस्वास्थ्य सम्बन्धी  कार्यक्रम सञ्चालन तथा स्वास्थ्य परीक्षण व्यवस्थापन गरिनेछ।

५३. आत्महत्या नियन्त्रणका लागि मानसिक तथा मनोसामाजिक परामर्श तथा उपचार अभियानको कार्यक्रमलाई निरन्तरता  दिइनेछ।

५४. लागु औषध दुर्व्यसनको नियन्त्रण, न्यूनीकरण र पुनर्स्थापना गर्न युवालक्षित कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५५. महिलाहरुको प्रजनन् स्वास्थ्य तथा पाठेघरको क्यान्सरविरुद्ध विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

५६. नागरिकहरुको रोग प्रतिरोधी क्षमता अभिवृद्धिका लागि परम्परागत तथा आयुर्वेदिक चिकित्सा पद्धतिको प्रवर्द्धन गरिनेछ।

५७. प्राकृतिक चिकित्सा, एक्युपञ्चर जस्ता वैकल्पिक चिकित्साका साथै आँखाको प्राथमिक उपचार सेवालाई एकीकृत रुपमा विस्तार तथा विकास गरिनेछ।

५८. नाक, कान, घाँटी तथा मुख/दन्त स्वास्थ्य सेवाको विकास तथा विस्तार गरिनेछ।

५९. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाई घरमा सुन्य सुत्केरी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६०. स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाई उक्त कार्यक्रममार्फत् विशेषज्ञ सेवा सुलभ पहुँच सुनिश्चित गरिनेछ।

६१. सामुदायिक महिला स्वास्थ्य स्वयमूसेविका कार्यक्रमलाई थप प्रोत्साहित गर्दै कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६२. क्षयरोगमुक्त पालिका घोषणाका लागि कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

६३. दीर्घरोग तथा क्यान्सरबाट पीडित, ज्येष्ठ नागरिकहरु, शारीरिक तथा मानसिक रुपमा कमजोर पीडितहरुलाई आफ्नो बाँकी जीवन सहज अनि पीडारहित बिताउन सक्ने किसिमले उपचारात्मक, पुनःस्थापनात्मक एवम् भावनात्मक तवरले पारिवारिक वातावरणमा दिइने प्रशामक स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

६४. थाहा नगरपालिकामा रहेको प्राथमिक स्वास्थ्य केन्द्रलाई आर्थिक वर्ष २०८३/०८४ बाट थाहा अस्पतालको रुपमा सञ्चालन गरिनेछ।

६५. थाहा नगरपालिकामा स्थापना भएको अक्सिजन प्लान्टलाई निरन्तर सञ्चालन गरी आवश्यक सेवा प्रदान गरिनेछ।

६६. स्वास्थ्य संस्थाहरुको भवनलाई स्वास्थ्य मन्त्रालयको मापदण्ड तथा न्यूनतम सेवा मापदण्ड अनुसार व्यवस्थित गरी गुणस्तरिय सेवा प्रदान गरिनेछ।

६७. आधारभूत स्वास्थ्य सेवाको प्याकेजभित्र पर्ने निदानात्मक ल्याब सेवालाई आवश्यकताको आधारमा स्वास्थ्य संस्थाहरुमा सञ्चालन तथा विस्तार गरिनेछ।

६८. महिला तथा बालबालिकाहरुको पोषण अवस्थालाई सुधार गर्न समुदाय स्तरमा विभिन्न गतिविधि सञ्चालन गरिनेछ।

६९. बालबालिकाहरुको शारीरिक, सामाजिक, संवेगात्मक, बौद्धिक र भाषिक विकासको लागि अभिभावक शिक्षा तथा गतिविधिहरु सञ्चालन गरिनेछ।

**खानेपानी तथा सरसफाइतर्फ :**

७०. **'खानेपानी सेवा पालिकाको अभिभारा, मिटरसहितको एक घर एक धारा'** नीतिलाई निरन्तरता दिँदै नागरिकको मौलिक अधिकारअन्तर्गत् पर्ने आधारभूतस्तरको खानेपानी वितरणका लागि उच्च प्राथमिकतामा राखी आयोजनाहरु कार्यान्वयनमा ल्याइनेछ । खानेपानी आयोजनाहरुको संरक्षण, सञ्चालन, मर्मत संभार तथा महशुल सङ्कलनमा एकरुपता ल्याउनका लागि उपभोक्ता समितिहरुलाई खानेपानी बोर्डमा आवद्धता गराउने कार्यलाई निरन्तरता दिइनेछ।

७१. खानेपानी, सडक, ढल व्यवस्थापन लगायतको कार्य गर्दा एक अर्को कार्यलाई असर नपर्ने गरी गरिनेछ। यसरी कार्य गर्दा असर परेमा असर पुऱ्याउने पक्षबाट मर्मत संभारको व्यवस्था मिलाइनेछ।

७२. 'अबको जोड सुरक्षित पानीका लागि खानेपानी बोर्ड' नीति लिइनेछ। खानेपानी सेवालाई एकीकृत र एकद्वार प्रणालीबाट सञ्चालन, योजनाहरुको कार्यान्वयन, खानेपानी समितिहरु, दर्ता, नवीकरण, अनुगमन तथा नियमन बोर्डमार्फत् गरिनेछ । खानेपानी पूर्वाधारलाई सुरक्षित भरपर्दो दिगो र वातावरणमैत्री बनाई गुणस्तरीय खानेपानी सेवा विस्तारलाई क्रमशः स्तरवृद्धि गरिनेछ।

७३. नगरबासीका लागि 'मूलदेखि मुखसम्म सुरक्षित खानेपानी' कार्यक्रम सञ्चालन गर्ने, खानेपानी सरसफाइ, स्वच्छता प्रवर्द्धन गर्ने तथा मुहान संरक्षणका लागि विकास साझेदारहरुको खोजी गरिनेछ।

७४. जलवायु परिवर्तनको असर बढ्दो क्रममा रहेको सन्दर्भमा पानीको श्रोत, मुहान संरक्षण, पुनरुत्थान, वैकल्पिक व्यवस्था लगायतको कार्यक्रममा जोड दिइनेछ।

७५. सबै खानेपानी तथा सरसफाइ योजनालाई डिजिटलाइजेशन गर्नका लागि एनवास सफ्टवेयरमा अपडेट गर्ने कार्यको सुरुवात गरिनेछ। महशुल भुक्तानी लगायतको वित्तीय कारोवारलाई अनलाइन प्रणालीबाट हुने व्यवस्थालाई निरन्तरता दिइनेछ । खानेपानी तथा सरसफाइ व्यवस्थापन बोर्डको व्यावसायिक योजना निर्माणका लागि पहल गरिनेछ।

७६. सहलगानीका खानेपानी आयोजना कार्यान्वयनका लागि संघ, प्रदेश, खानेपानी बोर्ड र समुदायसँग सहकार्य गरिनेछ। थाहा खानेपानी तथा सरसफाइ व्यवस्थापन बोर्डलाई क्रमशः स्वायत्ततासहितको आत्मनिर्भर बनाइनेछ । यसका लागि नगरपालिकाबाट वार्षिक रुपमा अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइनेछ

७७. प्राकृतिक प्रकोपबाट हुन सक्ने जोखिम न्यूनकिरणको लागि खानेपानी बीमा कार्यक्रमको लागि सम्वद्ध निकायसँग समन्वय गरिनेछ । बोर्डमा सङ्कलित महशुलबाट कम्तिमा १ प्रतिशत रकम मर्मतसंभार कोषका लागि छुट्याइने व्यवस्था मिलाइनेछ।

७८. गुणस्तरीय खानेपानी सुनिश्चितताको लागि खानेपानी परीक्षण कार्यलाई निरन्तरता दिइने छ । सरकारी तथा गैरसरकारी साझेदारहरुसँगको सहकार्यमा आफ्नै खानेपानी परीक्षण प्रयोगशाला स्थापनाका लागि पहल गरिनेछ।

**शिक्षातर्फ :**

७९. प्रधानाध्यापकको आवधिक मूल्याङ्कनका लागि शिक्षा शाखा र प्रधानाध्यापक तथा प्रधानाध्यापक र शिक्षकबीच करार सम्झौता गरी सिकाइ उपलब्धि अभिवृद्धि गरिनेछ।

८०. आर्थिक वर्ष २०८३/०८४ देखि आधारभूत तहको शिक्षा अनिवार्य र माध्यमिक तहको शिक्षा निःशुल्क गर्नको लागि विद्यालयस्तरको नगरपालिकाबाटै आवधिक तथा वार्षिक परीक्षा सञ्चालनलाई निरन्तरता दिइनेछ।

८१. विद्यार्थी सङ्ख्या र भूगोलसमेतका आधारमा विद्यालयको समायोजन र शिक्षक दरबन्दी मिलानको कार्यलाई अघि बढाइनेछ। विषय र विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी पुनरावलोकन गरी न्यूनतम शिक्षकको व्यवस्था गरिनेछ।

८२. नगर शिक्षासम्बन्धी आवश्यक कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । शिक्षकलाई स्वःउत्प्रेरणात्मक शैक्षिक जागरण कार्यक्रम सञ्चालन गरिनेछ। सबै विद्यालयहरुमा डिजिटल ई-हाजिरीको व्यवस्थापन गर्ने नीति लिइनेछ।

८३. शिक्षा क्षेत्रलाई सर्वसुलभ गुणस्तरीय शिक्षाको अवधारणाबमोजिम अगाडि बढाइनेछ। विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालयमा 'ल्याउने, सिकाउने र टिकाउने' कार्यलाई प्रोत्साहनमूलक कार्यक्रमसहित अभियानका रुपमा सञ्चालन गरिनेछ।

८४. सामुदायिक विद्यालयहरुमा अध्यापन गराइरहेका विषयगत उत्कृष्ट शिक्षकहरुलाई पुरस्कृत तथा सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८५. गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न आधारभूत तहमा दलित, अल्पसङ्ख्यक, लोपोन्मुख, आर्थिक रुपले विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

८६. निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगलाई सुदृढीकरण गरी नगरस्तरीय परिक्षालाई थप विश्वसनीय र प्रभावकारी बनाइने छ। मूल्याङ्कनको पद्धतिलाई शिक्षण सिकाइ सुधारका लागि प्रयोग गरिनेछ।

८७. नेतृत्वको सवलीकरण, शिक्षण सिकाइ प्रकृयामा सुधार, पेसागत नैतिकताको प्रर्वद्धन र प्रविधिको उच्चतम प्रयोग गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गरिनेछ।

८८. विद्यार्थीका लागि खेलकुद, सिर्जनात्मक अभ्यास, योगध्यान, प्रतिभा प्रष्फुटन जस्ता क्रियाकलाप सञ्चालन गरिनेछ। स्थानीय स्काउट समिति मार्फत् स्काउट गतिविधिहरुलाई निरन्तरता दिइनेछ।

८९. सिकाइस्तर कमजोर भएका विद्यार्थीका लागि सुधारात्मक सिकाइ प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

९०. प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा (१२ वटै माविमा) डिजिटल सिकाइका लागि स्मार्ट बोर्ड व्यवस्थापन गरिनेछ।

९१. सामुदायिक विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप सञ्चालन, पर्यावरण संरक्षण तथा हरित विद्यालय कार्यक्रम, विद्यार्थी प्रतिभा पहिचान, बालमैत्री विद्यालय व्यवस्थापन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

९२. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी कार्ययोजना कार्यान्वयन गर्न विद्यालय बाहिर रहेका बालबालिकाहलाई विद्ययालय भर्ना र सिकाइ निरन्तरता लागि  कार्यक्रम सञ्चालन गरिनेछ।

९३. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई प्रदान गरिने दिवाखाजामा रैथाने परिकारलाई बढवा दिइने छ।

९४. प्रारम्भिक बालविकास कक्षामा गुणस्तरीयता सुनिश्चित गर्न बालमैत्री वातावरण सिर्जना गरिनेछ। प्राविधिक शिक्षामा प्रोत्साहन तथा छात्रावृत्ति कार्यक्रम ल्याउनुका साथै प्राविधिक शिक्षालाई जोड दिइनेछ।

९५. शिक्षक तथा कर्मचारी छनोटमा गुणस्तरीय तथा पारदर्शीता ल्याउनका लागि नगरपालिकाकै विज्ञ शिक्षक रोस्टर तयार गरिनेछ।

९६. सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षकका अनुपातमा आधारमा दरबन्दी समायोजन, विद्यालय एकीकरण, समायोजन, कक्षा थपघटका कार्यक्रमलाई शिक्षा योजनामा आवद्धता गरिनेछ।

९७. शून्य दरबन्दीमा सञ्चालित आधारभूत तह कक्षा ६, ८ माध्यमिक तह कक्षा ९, १० र कक्षा ११, १२ सञ्चालित विद्यालयहरुलाई कक्षा व्यवस्थापनका लागि आवश्यक प्रोत्साहन अनुदान व्यवस्थालाई आगामी आर्थिक वर्ष २०८३/०८४ मा निरन्तरता दिइनेछ।

९८. नगर शिक्षा योजनाको अद्यावधिकरण गरिनेछ।

९९. सामुदायिक विद्यालयको सुशासन र गुणस्तरीयता ल्याउनका लागि अनलाइन प्रणाली ईमिसमा आधारित बनाउने कार्यलाई निरन्तरता दिइनेछ।

१००. विद्यालयस्तर कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरुलाई गैरआवासिय छात्रवृत्ति र कक्षा ६ देखि १२ सम्म अध्ययनरत विपन्न लक्षित छात्रवृत्तिमा छनौट भएका विद्यार्थीलाई विपन्न लक्षित छात्रवृत्ति उपलब्ध गराइनेछ।

१०१. कक्षा १, ५ मा कम विद्यार्थी भएका विद्यालयहरुमा 'मल्टि ग्रेड, मल्टि लेबल'का कार्यक्रम सञ्चालन गरिनेछ।

१०२. स्थानीय पठ्यक्रम थाहा ज्ञानमालाको पुनरावलोकनसहित नैतिक शिक्षा समावश गरिनेछ। तामाङ भाषाको पाठ्यक्रमको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०३. विद्यालयहरुको भौतिक पूर्वाधार लगायत व्यवस्थापन परीक्षण गरी वास्तविक अवस्था पहिचान गरिनेछ। विद्यालयका शिक्षक, कर्मचारीहरुलाई क्षमता अभिबृद्धि र प्रोत्साहनका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

१०४. पालुङ क्याम्पस सञ्चालन तथा व्यवस्थापनका लागि त्रैमासिक रुपमा दिँदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**युवा तथा खेलकुदतर्फ :**

१०५. युवाहरूको फिजिकल फिटनेसलाई ध्यान दिई प्रदेश सरकारको समन्वयमा नगरस्तरीय जिम क्लबको स्थापनामा जोड दिइनेछ । थाहा नगर खेलकुद विकास समिति र थाहा नगरपालिकाको लोगो सहित जर्सी तयार गरी खेलाडी तथा अफिसियललाई उपलब्ध गराई नगरको प्रतिनिधित्वलाई एकरुपता प्रदान गरिनछ।

१०६. खेल प्रतियोगिताहरुमा सम्भव भएसम्म स्थानीय कालिगढमार्फत् तयार गरिएका सामाग्री प्रयोगमा प्राथमिकता दिइनेछ। फुटबल, भलिबल र कराँते लगायतका खेलका प्रशिक्षक तथा रेफ्रीको रोष्टर तयार गरिनेछ।

१०७. वडालाई सचिवालय तोकी वडा खेलकुद विकास समितिलाई दर्ता प्रमाणपत्र उपलब्ध गराइनेछ। विभिन्न विधाका खेलाडीको विवरण सङ्कलन गरी सूचीकृत गरिनेछ।

१०८. खेल प्रतियोगिता सञ्चालन गर्न अनुमति प्रदान गर्दा अनिवार्य रुपमा आर्थिक श्रोत सहितको प्रस्तावना पेश गर्ने र सम्पन्न पश्चात प्रतिवेदन बुझाउनु पर्ने व्यवस्था लागू गरिनेछ। खेलाडी प्रोत्साहन, सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०९. जिल्लास्तर, प्रदेशस्तरका भलिबल खेलहरुमा नगरपालिकाको तर्फबाट प्रतिनिधित्व गराइनेछ । खेलाडीलाई बन्द प्रशिक्षण कार्यक्रममा सहभागिता जनाउनका लागि सहायता प्रदान गरिनेछ।

११०. अन्तर-वडा फुटबल, माध्यमिक विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा मेयर कप भलिबल प्रतियोगिता, उपमेयर कम ब्याडमिन्टन कार्यक्रमलाई निरन्तरता दिइनेछ । थाहा गोल्ड कप प्रतियोगितालाई निरन्तरता दिइनेछ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता क्षेत्रतर्फः**

१११. महिला उद्यमशीलता प्रवर्द्धन गर्दै सीप, प्रविधि, बीउँपूँजी तथा सहुलियतपूर्ण वित्तीय पहुँचमार्फत् महिलाको आर्थिक सशक्तीकरण र उद्यम विकासलाई प्रोत्साहन गरिनेछ।

११२. लैङ्गिक तथा घरेलु हिंसाबाट प्रभावित महिलाको संरक्षण, न्यायमा पहुँच, मनोसामाजिक परामर्श, सुरक्षित आश्रय तथा पुनःस्थापनाका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

११३. विपन्न तथा एकल महिलाको जीवनस्तर उकास्न सीप विकास, आयआर्जन, उद्यमशीलता तथा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

११४. बालअधिकार, बालसहभागिता तथा बालमैत्री स्थानीय शासनलाई संस्थागत गर्दै बालबालिकाको सर्वोत्तम हितलाई विकासका सबै गतिविधिमा मूल प्रवाहमा समावेश गरिनेछ।

११५. अपाङ्गता भएका व्यक्तिको अधिकार, सम्मान र पहुँच सुनिश्चित गर्न परिचयपत्र वितरण, सहायक सामग्री उपलब्धता, सीप विकास तथा सार्वजनिक संरचनालाई अपाङ्गतामैत्री बनाउने कार्यलाई प्राथमिकता दिइनेछ। अपाङ्गता भएका तथा विपन्न बालबालिकाको शैक्षिक पहुँच अभिवृद्धि गर्न छात्रवृत्ति तथा शैक्षिक सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११६. ज्येष्ठ नागरिकको सम्मान, सुरक्षा र सामाजिक सहभागिता अभिवृद्धि गर्न 'ज्येष्ठ नागरिक सम्मान' कार्यक्रमलाई निरन्तरता दिइनेछ । नगर तथा वडाबाट उपलब्ध हुने सेवा प्रवाहमा प्राथमिकता दिइनेछ।

११७. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको अधिकार प्रवर्द्धनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११८. मातृ तथा शिशु स्वास्थ्य प्रवर्द्धनका लागि स्तनपान कक्ष सेवाको विस्तार तथा संस्थागत व्यवस्थापनलाई सुदृढ गरिनेछ। महिलामैत्री सेवा प्रवाह सुनिश्चित गर्न सार्वजनिक कार्यालयहरूमा आवश्यक स्वास्थ्य तथा सरसफाइ सामग्रीको सहज उपलब्धता सुनिश्चित गरिनेछ।

११९. अभिभावक शिक्षा, जीवनोपयोगी सीप, शैक्षिक सहयोग तथा प्रेरणामूलक कार्यक्रममार्फत बालबालिकाको सर्वाङ्गीण विकासका लागि अभिभाव शिक्षा प्रवर्द्धन गरिनेछ।

**पूर्वाधार विकासतर्फः**

१२०. साना र टुक्रे योजनाहरूलाई संभव भएसम्म निरूत्सहित गरिनेछ।

१२१. सडकमा नगरस्तरीय बजेट विनियोजन गर्दा अन्तर वडा सञ्जाल सडकहरूलाई विशेष ध्यान दिइनेछ।

१२२. नगरपालिकाभित्र सञ्चालन हुने निर्माणसम्बन्धी परियोजनाहरूको प्याकेज बनाई एकमुष्ट बोलपत्र प्रणालीमा लगी योजना व्यवस्थापनमा सुशासन कायम गरिनेछ । जटिल प्रकृतिका निर्माण कार्यहरूलाई बोलपत्र प्रणालीमार्फत् सञ्चालन गरी समयमै कार्यान्वयन गरिनेछ । आयोजना

कार्यान्वयन सम्भव भएसम्म स्थानीय स्रोत, साधनको अधिकतम प्रयोग गरी स्थानीयस्तरमा रोजगारी सिर्जनामा विशेष पहल गरिनेछ। साथै उपभोक्ता समितिद्वारा साना प्रकृतिका कार्य मात्र गर्ने नीति अवलम्बन गरिनेछ।

१२३. सडक ढलानलाई गुणस्तरीय बनाउन Plain Cement Concrete (PCC) ढलानलाई न्यूनिकरण गर्दै Reinforced Cement Concrete (RCC) ढलान नीतिलाई क्रमशः विस्तार गरिनेछ।

१२४. सार्वजनिक-निजी साझेदारी अवधारणाबाट सञ्चालन हुने परियोजनाको लागि आवश्यक समकक्षी कोषको व्यवस्था गरी स्रोतको सुनिश्चितता गरिनेछ।

१२५. बोलपत्र व्यवस्थापनलाई प्रभावकारी बनाउन र निर्माण व्यवसायीलाई जिम्मेवार, जवाफदेही बनाउन योजना कार्यतालिका बमोजिम कार्य गरे-नगरेको प्रभावकारी अनुगमन गरी नियमन गरिनेछ।

१२६. योजनाहरू कार्यान्वयन गर्दा मानव, विकास र वातावरण वीचको सन्तुलन कायम हुने अवधारणा बमोजिम दिगो विकास लक्ष्यसँग आवद्ध गरी अपेक्षित उपलब्धि हासिल गरिनेछ। साथै नगर क्षेत्रभित्र स्थापना हुने भौतिक संरचनालाई विपद् उत्थानशील निर्माणलाई थप प्रभावकारी बनाइनेछ।

१२७. नगरपालिकाले योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, सञ्चालन र विकासका प्रतिफल विवरणलाई समावेशी र सन्तुलित विकास नीति अवलम्बन गरिनेछ।

१२८. वस्तुगत र तथ्यगत सूचकहरूको विकास गरी परियोजनाको गुणस्तर बढाउन अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ। साथै गुणस्तर परियोजनाको गुणस्तर परीक्षणको लागि आवश्यक उपकरणको व्यवस्था गरी विकासको गुणस्तर कायम गरिनेछ। साथै विगतमा फरफारक भएका सडक तथा खानेपानी आयोजनाहरू हस्तान्तरण गरी योजनाको दिगोपना दिने कार्यलाई निरन्तरता दिइनेछ।

१२९. नगर र वडास्तरीय योजनाहरू छनोट गर्दा अधिकतम प्रतिफल दिने योजनालाई प्राथमिकता कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गरिनेछ। कार्यसम्पादनलाई मुख्य आधार बनाई वडागत बजेट सिलिङ दिने व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ।

१३०. भवन निर्माण आचारसंहितालाई कार्यान्वयन गरी नगरक्षेत्रभित्र विपद् उत्थानशील संरचना निर्माणलाई जोड दिइनेछ।

१३१. विपद पश्चात् पुनः निर्माण कार्यलाई प्रभावकारी बनाउन ५ सदस्यीय प्राविधिक टोली गठन गरी परिचालन गरिनेछ।

**वन तथा वातावरणतर्फः**

१३२. डिभिजन वन कार्यालय तथा सामुदायिक वन उपभोक्ता समितिसँगको सहकार्यमा वृक्षारोपण गरिनेछ।

१३३. वातावरण प्रतिकूल नहुनेगरी नदीजन्य पदार्थ ढुङ्गा, गिटी, बालुवा, माटो सङ्कलन र विक्री वितरण गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ। वातावरणीय ह्रास नहुने गरी त्यस्ता खनिज वस्तुको उत्पादन र निर्यातको व्यवसायिक संभावना खोजिनेछ।

१३४. वन तथा वातावरणसम्बन्धी ज्ञान विद्यालय स्तरवाटै प्रदान गर्न सामुदायिक विद्यालयहरुमा इको क्लव गठन गरी सो क्लवमार्फत् वातावरणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

१३५. फोहर व्यवस्थापनका लागि टोल विकास संस्था, व्यवस्थापन समितिको सहकार्यलाई प्राथमिकता दिइनेछ। सेग्रिगेशन हाउसलाई थप व्यवस्थित गरिनेछ र प्रविधि तथा आवश्यक सामाग्रीको व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।अन्तिम फोहर व्यवस्थापनका केन्द्रलाइ प्राविधिक रायका आधारमा निर्माण कार्य थालनी गर्न प्रदेश र संघमा अनुरोध गरिनेछ।

१३६. स्थानीय सामुदायिक वन उपभोक्ता महासंघ लगायतका संघसंस्थाहरुसँग सहकार्य गरी वन तथा वातावरण संरक्षणका कार्यक्रमहरु सञ्चालन गरिनेछ साथै नगरभित्रको जल, जमिन, वायु र ध्वनी प्रदुषण नियन्त्रण गरी स्वच्छ वातावरण प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। खुला ढल छोड्ने, खोला प्रदुषण गर्नेलाई कानूनी दायरामा ल्याइनेछ।

१३७. स्थानीय सामुदायिक वन उपभोक्ता महासंघसँगको समन्वयमा सामुदायिक वन उपभोक्ता समितिहरुलाई आय आर्जनमा जोड्न वनमा सामुहिक खेती गर्न अनुदान उपलब्ध गराइनेछ। साथै पर्यापर्यटन सञ्चालन सम्भाव्य क्षेत्रमा पर्यटकीय पूर्वाधार तयार गर्न इच्क्षुक सामुदायिक वन उपभोक्ता समितिसँग सहकार्य गरिनेछ।

१३८. पर्यापर्यटन विकास गर्नका लागि सामुदायिक वनसँग सहकार्य गरी पार्क तथा पिकनिक स्पटहरु निर्माण गर्न प्रदेश तथा संघीय सरकारसँग सहकार्य गरिनेछ।

**विपद् व्यवस्थापनतर्फ :**

१३९. विपद् व्यवस्थापन कार्यविधिमार्फत् खडा गरिएको कोषलाई विपद् पूर्वतयारी प्रतिकार्य र राहत व्यवस्थापनमा परिचालन गरिनेछ र कोषलाई मजवुत बनाउन आवश्यक सहकार्य गरिनेछ ।

१४०. विपदबाट पीडित भई घरबार विहिन भएकाहरुलाई न्यूनतम सुविधा भएको सुरक्षित आश्रय स्थल व्यवस्थापन गरिनेछ।

१४१. थाहा खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डसँगको साझेदारीमा खानेपानीको पाइप लाइन मार्फत दमकल जान नसक्ने तथा बाक्लो र पुराना बस्तीहरुमा फायर हाइड्रेन्टपोर्टेबल पम्मको व्यवस्था गरिनेछ।

१४२. विपद व्यवस्थापनका लागि तुरुन्त रेस्पोन्स गर्न नगर प्रहरीलाई फोकल केन्द्रको रुपमा तोकिनेछ। नगरपालिकाको आपतकालिन सञ्चालन केन्द्रमा आवश्यक सामाग्री व्यवस्थापन गर्दै सबै वडाहरुमा न्यूनतम विपद् सामग्री रहने व्यवस्था गरिनेछ।

१४३. विपद् प्रतिकार्यका लागि तालिम तथा आवश्यक ड्रिलको व्यवस्था गरिनेछ।

१४४. विपदका बेला तत्काल सवारी साधन तथा मेशिनरी औजार सञ्चालनका आवश्यक न्यूनतम १ हजार लिटर इन्धनको व्यवस्था गरिनेछ।

१४५. नगरभित्रका सार्वजनिक सडकहरुमा निर्माण सामाग्री लगायत अन्य वस्तुभाउ तथा अन्नपात राखी सडक अवरोध हुने कार्यलाई निरुत्साहित गरिने छ। साथै उक्त कार्य गरेको पाइएमा सम्वन्धित घर वा जग्गाधनीलाइ जरिवाना लगाइनेछ।

**सुशासन तथा संस्थागत विकासः**

१४६. नगरपालिकाको स्वीकृत दरबन्दी संरचना बमोजिम जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई प्रभावकारी, चुस्त दुरूस्त र जनमुखी बनाइनेछ।

१४७. सार्वजनिक सेवामा नागरिकको अधिकार स्थापित गर्न क्षतिपूर्तिसहितको नागरिक बडापत्र लागू गरिनेछ।

१४८. सेवा प्रवाहका हरेक चरणमा प्रविधिको उपयोग तथा विस्तार गरी सेवा प्रवाहलाई सरलीकरण गरिनेछ। सेवाहरुलाई प्रथम चरणमा कम्प्युटर प्रविधिमा आधारित तथा दोश्रो चरणमा इन्टरनेटमा आधारित बनाई Digital Demand, Digitally Serve को नीतिलाई निरन्तरता दिईनेछ।

१४९. नागरिकहरुको जनगुनासो सुन्नका लागि व्यवस्थित संयन्त्र तयार गरिनेछ।

१५०. सहज र छिटो छरितो सूचना प्रवाहका लागि पालिकाले सञ्चालन गर्दै आएका वेब पोर्टल, बल्क एस. एम. एस., सामाजिक सञ्जाल जस्ता नागरिकहरुसँग प्रत्यक्ष सम्बन्ध राख्ने सूचना प्रविधिको प्रयोगलाई थप व्यवस्थित गरी प्रयोगलाई निरन्तरता दिइनेछ।

१५१. सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लाई पालिका अन्तर्गतका सबै कार्यालयहरुमा कार्यान्वयनमा ल्याइनेछ।

१५२. सबै वडा कार्यालयहरुलाई आधारभूत सेवा प्रवाह गर्ने केन्द्रको रुपमा विकास गरिनेछ।

१५३. स्थायी तथा करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन पहल गरिनेछ। करार कर्मचारीहरुको योगदानमा आधारित बीमालाई निरन्तरता दिई यथोचित सुविधाको व्यवस्था गरिनेछ।

१५४. दैनिक सेवा प्रभावलाई अझै प्रभावकारी र चुस्त दुरुस्त बनाउन नगरपालिकाको दरबन्दी संरचनालाई आवश्यकता अनुसार संसोधन गरिनेछ।

१५५. कर्मचारीहरुको कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरिनेछ। कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्धतीलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवम् जवाफदेही बनाइनेछ।

१५६. कर्मचारीहरुको मनोवल बढाउनका लागि पर्यटन काजलाई निरन्तरता दिइनेछ । पर्यटन काज कम्तिमा ६ महिना भन्दा बढी कार्यरत कर्मचारीहरुलाई मात्र दिइनेछ र कर्मचारीलाई भ्रमण सुविधा उपलब्ध गराउँदा भ्रमण योजना बनाइ कार्यान्वयनमा ल्याइनेछ।

१५७. थाहा नगरपालिकामा संघ र प्रदेशबाट संचालित विभिन्न कार्यक्रम तथा परियोजनाहरुमा कार्यरत कर्मचारीहरुलाई निजहरुको परियोजनाबाट प्राप्त बजेटमा साझेदारी गर्नुपर्ने कार्यक्रम तथा कर्मचारी सुविधामा मात्र लागत साझेदारी गरी नगरपालिकालाई थप छुट्टै आर्थिक भार नपर्ने नीति अवलम्वन गरिनेछ।

१५८. प्रत्येक शाखा प्रमुख तथा वडा सचिवसँग कार्य सम्पादन करार गरिनेछ।

१५९. सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिष्पर्धी, समावेशी र जनउत्तरदायी बनाइनेछ। सार्वजनिक प्रशासन संयन्त्रलाई छिटो-छरितो र नतीजामुखी बनाउँदै काम गर्ने कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत र प्रोत्साहन गरिनेछ।

१६०. नगरपालिकाबाट उपलव्ध हुने सेवाहरु असहाय, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक एवम् दृष्टिविहिनहरु लगायत सबै प्रकारका फरक शारीरिक क्षमताका नागरिकले प्राप्त गर्ने गरी नागरिकमैत्री वातावरणको व्यवस्था मिलाइने छ।

१६१. वडा तथा नगरपालिकामा कार्यरत कर्मचारीको क्षमता विकास गर्न कार्य क्षमता तथा योग्यताको आधारमा स्थानान्तरण तथा जिम्मेवारी हेरफेरको नीति अवलम्वन गरिनेछ।

१६२. आयोजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता कार्यहरुबाट पारदर्शिता एवम् स्थानीय सुशासन कायम गरिनेछ । गुनासो सुन्ने र समाधान गर्ने परिपाटीको विकास गरिनेछ । सार्वजनिक खरिद प्रकृयालाई थप पारदर्शी र विश्वसनीय बनाउँदै लगिनेछ। विकास कार्यहरुको व्यवस्थित अनुगमन प्रणाली स्थापना गरी कार्यान्वयन गरिनेछ।

१६३. उपभोक्ता हित संरक्षण गरिनेछ । बजार अनुगमनलाई थप प्रभावकारी बनाइ मूल्य र गुणस्तरीयता कायम गर्न पहल गरिनेछ।

१६४. थाहा नगरपालिकामा कार्यरत अन्य सेवाका स्थायी कर्मचारीहरुको कर्मचारी कल्याणकोष र बीमालाई निरन्तरता दिइनेछ।

१६५. नगरले निर्माण गरेका ऐन, नियम, निर्देशिकाहरुलाई विज्ञ मार्फत् अध्ययन गराई आवश्यक संशोधन तथा परिमार्जन गरिनेछ।

१६६. भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासी सम्बन्धी भुमि समस्या समाधान समितिको अधुरा कार्यहरु पूरा गर्नको लागि आवश्यक कर्मचारीहरुको व्यवस्था गरी कार्य अगाडि बढाइनेछ।

वित्त व्यवस्थापनतर्फ :

१६७. बजेट प्रणालीलाई यथार्थपरक, कार्यान्वयनयोग्य र अनुमानयोग्य बनाउन बजेट उपकरणहरु (स्रोत अनुमान तथा बजेट तर्जुमाका चरणहरु) थप सुदृढीकरण गरिनेछ।

१६८. आन्तरिक नियन्त्रण प्रणालीको पूर्ण कार्यान्वन गर्दै सकारात्मक कार्यसंस्कृति विकास गरिनेछ।

१६९. आन्तरिक लेखापरीक्षणलाई नियन्त्रण प्रणालीको विश्वसनीय माध्यमका रुपमा विकास गर्न जनशक्ति व्यवस्थापनको सुनिश्चितता गरिनेछ।

१७०. सेवा प्रवाहमा पारदर्शिता र गुणस्तरीयता कायम गर्न भुक्तानी प्रणालीमा मुहाररहित वातावरण सिर्जनाका लागि पूर्णरुपमा EFT प्रणालीलाई निरन्तरता दिइनेछ।

१७१. सार्वजनिक खर्चको विनियोजन दक्षता तथा कार्यान्वयन क्षमतामा सुधार गरिनेछ । खर्चमा मितव्ययिता र वित्तीय अनुशासन कायम गरिनेछ।

सूचना प्रविधितर्फः

१७२. नागरिकलाई सर्वसुलभ रुपमा सूचनाको पहुँच विस्तारका लागि सामाजिक सञ्जाल तथा अन्य डिजिटल माध्यमहरूको प्रयोगलाई निरन्तरता दिइनेछ । नगरका संवेदनशील तथा महत्वका क्षेत्रहरूमा थप सिसिटिभी क्यामरा जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१७३. नगरपालिकाको डिजिटल प्रोफाइल निर्माण गरिनेछ। सूचना प्रविधिमैत्री कार्यसंस्कृतिको विकास गर्न नियमित सूचना प्रविधि सम्बन्धी तालिम तथा क्षमता विकास कार्यक्रमहरु सञ्चालनलाई प्राथमिकता दिइनेछ।

१७४. नगरपालिकाको सेवा प्रवाहलाई डिजिटल रुपान्तरण गर्दै सूचना प्रविधिमा आधारित बनाइनेछ । सार्वजनिक हितका सूचना तथा सन्देशहरू लक्षितवर्गसम्म पुऱ्याउनका लागि आमसञ्चार माध्यम र सामाजिक सञ्जालमार्फत प्रवाह गरिनेछ।

राजश्व परिचालनतर्फः

१७५. करको दायरा विस्तार गरिनेछ र कर प्रणालीमा सुधार ल्याइनेछ । विद्यमान करका दरहरु पुनरावलोकन गरी करमा सहभागिता बढाउने नीति अवलम्बन गरिनेछ।

१७६. चालू खर्च नियन्त्रण गरिनेछ र आन्तरिक आय सङ्कलनमा नगर प्रहरीलाई परिचालन गरिनेछ। कर तथा राजस्व संकलन गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

१७७. सम्पत्ति कर, व्यवसाय कर, घर बहाल कर, कृषि उपज निकासी कर, बहाल विटौली, दहत्तर बहत्तर तथा निकासी शुल्क लगाएतका करहरुको श्रोतलाई नगरको मुख्य आयश्रोतको रुपमा परिचालन गरिनेछ।

१७८. चालु आर्थिक वर्षको असोज मसान्तसम्म सम्पत्ति कर बुझाएमा लाग्ने करमा १०% ले दिइने छुटलाई निरन्तरता दिइनेछ।

१७९. थाहा नगरपालिकाबाट कर तथा गैरकर राजस्व लगाउने र उठाउने सम्बन्धी कानून तर्जुमा गरिनेछ।

१८०. आन्तरिक राजस्व अभवृद्धि गर्ने प्रयोजनको लागि राजस्व परामर्श समिति र सोसँग सम्बन्धित कर्मचारीहरुको लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१८१. नागरिकले तिर्नुपर्ने कर, राजस्व तथा महशुल अनलाइन माध्यमबाट घरमै बसेर तिर्न सकिने व्यवस्था गरिनेछ। साथै राजस्व भुक्तानीका लागि संघीय सरकारले लागू गरेको सुत्र प्रणालीलाई निरन्तरता दिइनेछ।

१८२. आगामी आर्थिक वर्षदेखि थाहा नगरपालिकाबाटै करदाता सेवा सञ्चालन गरिनेछ।

**पञ्जीकरण तथा सामाजिक सुरक्षातर्फ :**

१८३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै योग्य नागरिकलाई समयमै, पारदर्शी र सहज रूपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइनेछ।

१८४. सामाजिक सुरक्षा भत्ता प्राप्तकर्ताहरूको अभिलेखलाई नियमित रूपमा अद्यावधिक गरी बायोमेट्रिक र आइरिस माध्यमबाट दोहोरो तथा त्रुटीपूर्ण विवरण नियन्त्रण गरिनेछ।

१८५. ज्येष्ठ नागरिक, एकल महिला, दलित बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गलाई सामाजिक सुरक्षा कार्यक्रममा पूर्ण पहुँच सुनिश्चित गरिनेछ।

१८६. राष्ट्रिय परिचयपत्र प्राप्त नगरेका योग्य नागरिकहरूको विवरण सङ्कलन तथा दर्ता अभियान सञ्चालन गरी राष्ट्रिय परिचयपत्र प्राप्तिमा सहजीकरण गरिनेछ।

१८७. राष्ट्रिय परिचयपत्र, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालीबीच तथ्याङ्क एकीकरण तथा समन्वयलाई प्रभावकारी बनाइनेछ।

१८८. जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद तथा बसाइसराइ लगायतका व्यक्तिगत घटना ३५ दिनभित्र दर्ता गर्ने संस्कृतिको विकास गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१८९. सबै वडाहरूमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी सेवा प्रवाहलाई प्रविधिमैत्री, छरितो र नागरिकमैत्री बनाइनेछ।

१९०. विद्यालय, स्वास्थ्य संस्था तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरी शतप्रतिशत जन्मदर्ता तथा मृत्यु दर्ता सुनिश्चित गरिनेछ।

१९१. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी अभिलेखहरूको डिजिटल व्यवस्थापन तथा सुरक्षित अभिलेखीकरण गरिनेछ।

१९२. राष्ट्रिय परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवामा पहुँच नपुगेका दूर्गम तथा लक्षित समुदायसम्म घुम्ती सेवा सञ्चालन गरिनेछ।

१९३. राष्ट्रिय परिचयपत्र, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तासम्बन्धी जनचेतना अभिवृद्धिका लागि सञ्चारमाध्यम, विद्यालय तथा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१९४. “सबै घटना समयमै दर्ता, सबै योग्य नागरिकलाई सामाजिक सुरक्षा र सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र” भन्ने अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

**न्यायिक निरुपणतर्फः**

१९५. न्यायमा पहुँच, निशुल्क कानुनी सहायता, विवाद समाधान, वैकल्पिक उपाय र मेलमिलाप गर्ने नीति लिइनेछ।

१९६. वडास्तरमा न्यायिक समिति तथा मेलमिलाप केन्द्र सम्बन्धी सचेतना कार्यक्रम सञ्चालनमा ल्याइनेछ । थाहा नगरपालिकाभित्र रहेको १२ वटा मेलमिलाप केन्द्रको सञ्चालनलाई निरन्तरता दिई स्तरोन्नति गरिनेछ । सूचीकृत मेलमिलापकर्ताहरुबाट वडामा मेलमिलाप गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१९७. न्यायिक र अर्धन्यायिक निकायले गरेको फैसला र मिलापत्रलाई कार्यान्यिवनमा ल्याइनेछ।

१९८. मेलमिलापकर्ता र न्यायिक समितिको क्षमता अभिवृद्धि लागि कानुनी शिक्षा, चौमासिक बैठक र मेलमिलापसम्बन्धी एडभान्स तालिम सञ्चालनमा ल्याइनेछ।

१९९. मेलमिलापकर्ताहरु र न्यायिक समितिको अनुभव तथा असल अभ्यासको आदा नप्रदानको कार्यक्रम सञ्चालन गरिनेछ।

२००. कानुनी राय परामर्शको कार्यलाई निरन्तरता दिइनेछ।

**अन्त्यमा,** समृद्ध थाहानगर निर्माणतर्फ यस नीति तथा कार्यक्रमले नीतिगत प्रस्थान गर्न खोजेको छ। यसले समग्र थाहानगरलाई नै सुनौलो युगको दिशातर्फ डोऱ्याउने विषयमा हामी आशावादी छौं । जनताको घरदैलोको सरकारको रुपमा थाहा नगरपालिकाले काम गर्नुपर्दछ भन्ने हेक्का हामीलाई छ, सोही अनुरुप हामीले जनताका आशा र दैनानुदिनको आवश्यकतालाई परिपूर्ति गर्ने गरी यो नीति तथा कार्यक्रम ल्याएका छौं।

यस नीति तथा कार्यक्रम तयार गरी गरिमामय सभामा प्रस्तुत गर्नका लागि प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने कार्यपालिका सदस्यज्यूहरू, नगरसभा सदस्यज्यूहरू, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरू, निजी क्षेत्रलगायत नगरबासी दाजुभाइ तथा दिदीबहिनीहरू एवम् अहोरात्र खटिनुहुने प्रमुख प्रशासकीय अधिकृत र अन्य राष्ट्रसेवक कर्मचारीहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । नीति तथा कार्यक्रमको सफल र सार्थक कार्यान्वयन नगरपालिकाको एकल प्रयासले सम्भव छैन । सबै राजनीतिक दल, सामुदायिक, निजी तथा गैरसरकारी संघसंस्था, नागरिक समाज, सहकारी तथा वित्त क्षेत्र, टोल विकास संस्था, युवा क्लब, आमा समूह र सचेत आम नगरबासीहरुको निरन्तर साथ, सहयोग र सर्मथनले मात्र उल्लेखित नीति तथा कार्यक्रमले देखेका समुन्नत थाहानगरका सपनाहरुलाई मुर्तरुप दिनेछ। आमसञ्चार जगतको निरन्तर खबरदारी हाम्रो लागि सर्वदा पथ प्रर्दशक रहनेछ।

धन्यवाद।

विष्णु बहादुर विष्ट
नगर प्रमुख
२०८३ असार ७ गते